**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- २० वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन १२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 24 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७६

## फागुन १३ गतेदेखि महानगरसहित जिल्लामा दादुरा–रुबेला खोप अभियान शुरू

प्रस, वीरगंज, ११ फागुन/

वीरगंज महानगरपालिकामा दादुरा–रुबेला खोप अभियान यही फागुन १३ गते आइतवारदेखि शुरू हुने भएको छ।

महानगरपालिकाको स्वास्थ्य महाशाखाले शुक्रवार आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा दादुरा–रुबेला खोप अभियानबारे जानकारी गराएको थियो ।

महानगरको सभाकक्षमा ३२ वटै वडाध्यक्षसँगको अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य महाशाखाका प्रमुख अनिल यादवले दादुरा–रुबेला खोप अभियान महानगरमा फागुन १३ गतेदेखि शुरू गर्न लागिएको बताए । उनले महानगरमा दादुरा–रुबेला खोप अभियान अन्तर्गत पहिलो दिन वडा नं ३ बिर्तास्थित त्रिजुद्ध मावि परिसरमा नौ महीनादेखि १५ वर्षमुनिका बालबालिकालाई खोप लगाएर शुभारम्भ गरिने बताए । दोस्रो चरणको अभियान फागुन २७ देखि चैत ५ गतेसम्म महानगरका बाँकी ३१ वटा वडामा सञ्चालन गरिने स्वास्थ्य महाशाखा प्रमुख यादवले बताए ।



दादुरा–रुबेला लागेको बालक ।



खोप लगाउँदै स्वास्थ्यकर्मी ।



अभिमुखीकरण कार्यक्रममा सहभागीहरू । तस्वीरः प्रतीक

अभियानमा महानगरका ७४ हजार चार सयजना बालिबालिकालाई दादुरा–रुबेला खोप लगाउने लक्ष्य रहेको महाशाखाका सहसंयोजक अनिशकान्त कुशवाहाले जानकारी गराए । उनले दादुरा–रुबेला खोप अभियान अन्तर्गत महानगरका स्वास्थ्य संस्था, शिक्षण संस्थालगायत २९८ वटा खोप केन्द्र स्थापना गरिने बताए । एउटा खोप केन्द्रमा न्यूनतम २५० जना बालबालिकालाई खोप लगाउने लक्ष्य रहेको कुशवाहाले बताए । अभियानको क्रममा दादुरा–रुबेलाको खोप लगाउने क्रममा हुन सक्ने सम्भावित अवाञ्छित घटना व्यवस्थापनका लागि नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंह, डा शैलेश ठाकुरसहित तीनजना चिकित्सकलाई जिम्मेवारी दिइएको उनले बताए ।

कुशवाहाले अभियान सफल पार्न वडाध्यक्षहरूको भूमिका महत्वपूर्ण हुने र यसमा सहयोग गर्न आग्रह पनि गरे । कार्यक्रममा स्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले फागुन १३ गते महानगरसँगै पर्सा जिल्लाभरि नै दादुरा–रुबेला खोप अभियान शुरू हुने जानकारी गराए । पहिलो चरणमा फागुन १३ देखि फागुन २१ गतेसम्म महानगरको वडा नं ३ तथा पोखरिया र पर्सागढी नगरपालिका, जीराभवानी, सखुवाप्रसौनी, जगरनाथपुर र पटेर्वासुगौली गाउँपालिकामा खोप अभियान सञ्चालन गरिने उनले बताए। दोस्रो चरणमा फागुन २७ देखि चैत ५ गतेसम्म महानगरका ३१ वटा वडा, बहुदरमाई नगरपालिका, पकाहामैनपुर, ठोरी, छिपहरमाई, विन्ध्यवासिनी, धोबिनी र कालिकामाई गाउँपालिकामा दादुरा–रुबेला खोप अभियान सञ्चालन गरिने जनस्वास्थ्य अधिकृत ठाकुरले बताए।

उनले दुई चरणको अभियानमा जिल्लाभरिमा दुई लाख एक हजार बालबालिकालाई दादुरा–रुबेला खोप लगाउने लक्ष्य रहेको बताए। वडाध्यक्ष द्वारिका महतोको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्षहरू, महानगरको स्वास्थ्य महाशाखाका कर्मचारी, सञ्चारकर्मी सहभागी थिए ।

## दिदीबहिनीको सानो पाइलाले हेरचाह गर्ने

प्रस, वीरगंज, ११ फागुन/

धोबिनी गाउँपालिका–४ लङ्गडीकी दुईजना नाबालिका दिदीबहिनी प्रियङ्का र मनीषा ठाकुरको लालनपालन र शिक्षाको जिम्मा सानो पाइलाले उठाउने भएको छ ।



सानो पाइलाका बोर्ड सदस्य कञ्चन झाले विभिन्न सामाजिक सञ्जाल र समाचारपत्रहरूमा प्रकाशित समाचारपछि धोबिनी गाउँपालिका–४ लङ्गडीकी दिदीबहिनी प्रियङ्का र मनीषाको बारेमा थप जानकारी लिएको र उनीहरूलाई सानो पाइलाको बालगृहमा राखेर लालनपालन गरिने निर्णय भएको बताए। उनले तत्काल दुवै दिदीबहिनी अहिले हजुरआमाको क्रियामा बसेका र उनीहरू सोमवार क्रिया मुक्त भएपछि वीरगंज महानगर–७ स्थित सानो पाइलाको बालगृहमा राखेर हेरचाह गरिने बताए।

यसैगरी, समाचार पढेर प्रदेशसभा सदस्य प्रमोद जयसवाल शुक्रवार धोबिनी गापामा पुगेर उनीहरूको अवस्थाबारेमा बुझेका छन् । दुईजना नाबालिका दिदीबहिनी प्रियङ्का र मनीषालाई आर्थिक सहयोग गर्नुका साथै उनले गापाध्यक्षलाई पनि सहयोग गर्न सुझाए। यसैगरी, प्रदेशसभा सदस्य जयसवालले प्रदेशसभाबाट पनि सहयोग दिलाउने आश्वासन दिएका थिए ।

१० वर्षीया प्रियङ्का ठाकुर र सात वर्षीया मनीषा ठाकुरका आमाबुबाको आठ वर्ष पहिले मृत्यु भएको थियो । उनीहरूलाई भीख मागेर लालनपालन गर्दै आएकी वृद्ध हजुरआमाको पनि यही फागुन ३ गते निधन भएपछि उनीहरूको बिचल्ली भएको थियो ।

## १३ जना जुवाडे पक्राउ

प्रस, वीरगंज, ११ फागुन/

वडा प्रहरी कार्यालय, श्रीपुरले शुक्रवार वीरगंज महानगर–१२ स्थित क्षीरसागरदेखि दक्षिणतर्फ मेनरोडमा रहेको मिटिङ हाउसमा छापा मारी १३ जना जुवाडेलाई पक्राउ गरेको छ ।

सूचनाको आधारमा प्रहरीले मिटिङ हाउसमा छापामारी गरेको वडा प्रहरी कार्यालय, श्रीपुरले जनाएको छ । सो ठाउँबाट प्रहरीले १३ जना जुवाडेसहित ६५ हजार रुपैयाँ बरामद गरेको जनाइएको छ। जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता कुमार विक्रम थापाले होटलमा छापामारी गरेको र जुवाडेहरू पक्राउ परेको पुष्टि गरेका छन् ।

खाजा खाने होटेलमा तास खेलिरहेका व्यक्तिसँगै खाजा खाने व्यक्ति पनि पक्राउ परेकामा सो विषयमा अनुसन्धान भइरहेको उनले बताए । होटल सञ्चालकसहित १३ जनालाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

सो होटलमा जुवा, तास हुने गरेको र यसबारेमा वडा प्रहरी कार्यलय श्रीपुर, जिल्ला प्रहरी कार्यालय पर्सामा जानकारी गराए पनि सुनवाइ नभएको स्थानीयको गुनासो छ । प्रहरी उपरीक्षक परिवर्तन भएपछि काम देखाउनका लागि शुक्रवार जुवाडेहरूलाई पक्राउ गरिएको स्रोतले जनाएको छ । जुवाडेहरूबाट १४ थान मोबाइल पनि बरामद भएको छ ।




जुवाडेहरूलाई लग्दै वडा प्रहरी कार्यालयको भ्यान । तस्वीरः प्रतीक

वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक धर्मजङ्ग थिङले पक्राउ परेका व्यक्ति तथा बरामद रकम जिल्ला प्रहरी कार्यालयमा बुझाएको बताए ।

## मौलापुर मधानी महोत्सवमा गोविन्दासहित दर्जनौं कलाकार आउने

प्रस, गरुडा, ११ फागुन/

भगवान् शिवसित सम्बन्धित लोपोन्मुख मौलिक लोक अनुष्ठानको रूपमा रहेको मधानी महायज्ञको प्रवर्धनमा रौतहटको मौलापुर नगरपालिका जुटेको छ । शिव–पार्वतीको विवाहको मौलिक अनुष्ठानको रूपमा रहेको मधानी महायज्ञलाई मौलापुर नगरपालिकाले गत पाँच वर्षदेखि विश्वव्यापी पहिचान दिन खोजेको छ। यसै क्रममा फागुन २५ गते महाशिवरात्रिका दिन हिन्दी चलचित्रका चर्चित कलाकार गोविन्दासहित दुई दर्जनभन्दा बढी कलाकार मौलापुर आउन लागेका छन् ।



पतौरामा भेटिएको संरचनाको उत्खनन हुँदै । तस्वीरः प्रतीक

मौलापुर नगरपालिकाले शुक्रवार वडा नं ५ पतौरास्थित पुरातात्त्विक महादेव मन्दिर परिसरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा नगरप्रमुख रीनाकुमारी साहले मधानी महोत्सवबारे जानकारी गराएकी छन्। २०७६ सालको महाशिवरात्रिको दिन पहिलो मधानी महायज्ञको आयोजना गरी सुरुआत गरिएको महोत्सवको पाँचौं संस्करण फागुन २५ गते हुने भएको हो ।

मधानी महोत्सवले मौलिक संस्कृतिको संवर्द्धन हुने, पर्यटकीय विकास हुने तथा व्यापार प्रवर्द्धन हुने विश्वास रहेको नगरप्रमुख साहको भनाइ छ । फागुन २२ देखि २६ गतेसम्म चल्ने महोत्सवमा करीब १० लाख दर्शक आउने नगर उपप्रमुख नागेन्द्र यादवको दाबी रहेको छ ।

स्थानीय सांस्कृतिक नाच, मधानी यज्ञमा शिवको जन्ती, भारतबाट बोलाइएको शिवलीला प्रदर्शन जस्ता कार्यक्रमहरूका साथै मधानी सांस्कृतिक महोत्सवको आयोजना गरिने र सांस्कृतिक महोत्सवमा बलिउड कलाकार गोविन्दा अहुजा, नीलम गिरी, विनय विहारीका साथै नेपाली कलाकार पल शाह, दिनेश डिसी, कमल राई, प्रेम परियार, रचना सिवाकोटी, अर्जुन बिसी, प्रीति आर्या, विजय यादव निर्बीज, रविराज साह, सदाम हुसेन, दीपेश शर्मा, आश्विनी शाही, डा आभास लाभ, प्रदीप पाठक, निर्देशक नन्दु श्रीवास्तव, रोशनी राज, कनक सिंह, रेविका अधिकारी, दीपलाल यादव, नवीन सिंह, राजु राग्नी, शीशाखा तिमल्सिना, चन्दन पटेल, कपिल भाइ र रेविका नेपालीलगायतका कलाकारहरूको प्रस्तुति निश्चित भइसकेको तथा अन्य कलाकारहरूसित पनि सम्पर्क गर्ने प्रयास भइरहेको नगरप्रमुख साहको भनाइ छ ।

मौलापुर–५ पतौरामा रहेको

(बाँकी पाँचौं पातामा)

## शुभकामना तथा बधाई

**रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पताल,** परवानीपुर-४, वीरगंज, नेपालले मध्य तराईको आँखा स्वास्थ्य सेवाको क्षेत्रमा अतुलनीय योगदान दिँदै आज ४९औं वर्ष पूरा गरी ५०औं वर्षमा प्रवेश गरिरहेकोमा हार्दिक शुभकामना तथा बधाई व्यक्त गर्दछौं ।

**महावीर प्रसाद बृजलाल केडिया सेवा ट्रस्ट**

**वीरगंज, पर्सा, नेपाल**

### विचारसार र सूक्तिहरू

**हामी एक अर्काविना केही होइनौं, यही हो सम्बन्धको विशेषता ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# स्वास्थ्यलाई प्राथमिकता दिनुपऱ्यो

**नारायणी अस्पतालको भौतिक संरचना निर्माण हुन नसक्दा बिरामीहरू सहज सेवा पाउनबाट वञ्चित भएका छन् । शहरी विकास तथा भवन निर्माण विभागले अस्पतालको नयाँ संरचनाका लागि पाँच सय शय्याको अस्पताल र ५० शय्याको आकस्मिक कक्ष निर्माण कार्य अगाडि बढाएको थियो । चार वर्षअघि शुरू गरिएका यी दुई संरचनाको निर्माणमध्ये आकस्मिक कक्ष ५० शय्याको निर्माण कार्य सम्पन्न भइसकेको छ तर पाँच सय शय्याको अस्पताल निर्माणको काम भने मुद्दा मामिलाले अहिलेसम्म शिलान्याससम्म पनि हुन सकेको छैन । पाँच सय शय्याको अस्पताल निर्माण कार्य हुन नसक्दा निर्माण कार्य सकिएको ५० शय्याको आकस्मिक कक्ष पनि सञ्चालनमा आउन सकेको छैन । नारायणी अस्पताल पर्सा, बारा, रौतहट, सर्लाहीसम्मका बिरामीहरूको लागि पहिलो प्राथमिकतामा पर्दै आएको छ । यसैगरी, छिमेकी भारतबाट पनि यहाँ उपचारका लागि बिरामीहरू आउने गरेका छन् । २०२८ सालमा तत्कालीन पञ्चायती व्यवस्थामा महेन्द्र आरोग्य भवन निर्माण भएको थियो । त्यतिखेर अस्पतालका सबै संरचना महेन्द्र आरोग्य भवनमा थियो । समयक्रमसँगै महेन्द्र आरोग्य भवन जीर्ण अवस्थामा पुग्यो र वीरगंज उद्योग वाणिज्य सङ्घसमेत जनसहयोगमा पञ्चायतकालमा नै निर्मित महेन्द्र आरोग्य भवनअगाडिको प्रसूति गृहमा महेन्द्र आरोग्य भवनबाट दिइने सेवाहरू बिस्तारै सारियो ।**

**अहिले पुरानो महेन्द्र आरोग्य भवन रहेको स्थानमा नै पाँच सय शय्याको अस्पताल निर्माणको लागि चार वर्षअघि टेन्डर आह्वान गरिएको थियो । तर टेन्डर प्रक्रियामा भएको कागजी त्रुटिका विषयलाई लिएर ठेकेदार र शहरी विकास तथा भवन निर्माण विभाग अदालतको शरणमा पुगेका छन् । जिल्ला र उच्चबाट ठेकेदारको पक्षमा फैसला भयो भने विभागले सोविरुद्ध सर्वोच्चमा हालेको रिट अहिले विचाराधीन अवस्थामा छ । सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको यो मुद्दाको अवधि पनि डेढ वर्षभन्दा बढी भइसक्यो । तर अस्पतालजस्तो संवेदनशील विषयको मुद्दामा सर्वोच्चले फैसला दिन विलम्ब गर्दै आएको छ । सर्वोच्च अदालतले राजनीतिक र व्यापारिक क्षेत्रका मुद्दाहरूमा जति सक्रियता देखाउने गरेको छ, त्यति सामाजिक मुद्दाहरूमा विलम्ब गर्दै आएको छ । नारायणी अस्पताल त्यसको साक्षी हो । तत्कालीन गृहमन्त्री रवि लामिछाने, बालकृष्ण खाँड, कृष्णबहादुर महरा, बाँसबारी छाला जुत्ता कारखाना जग्गा प्रकरणमा चर्चित व्यापारी अरुण चौधरीको हकमा त अदालतले अहिलेसम्म नभएको छिटो फैसला दिएको छ । चौधरीको हकमा दुई दिनभित्र अनुसन्धान पूरा नहुँदा हाजिरी जमानतमा रिहा गर्ने फैसला विवादस्पद बनेको छ ।**

**राजनीति र व्यापारिक क्षेत्रका मुद्दाहरूमा द्रुत सेवा दिने अदालतले अस्पतालको मुद्दालाई संवेदनशील मुद्दाको श्रेणीमा राखेर फैसला नगर्नुको आशय बुझ्निसक्नुभएको छ । चार वर्षअघि दुई अर्ब रुपैयाँको लागत स्टीमेट गरिएको पाँच सय शय्याको अस्पताल अब निर्माण गर्दा लागत मूल्य बढ्छ नै । यसको भार राज्यलाई पर्छ भने आममानिस सेवाबाट वञ्चित हुन परेको छ भन्ने कुरालाई अदालतले किन नबुझ्न सकेको ? जसरी राजनीतिक, व्यापारिक मुद्दाहरू द्रुत गतिबाट फैसला गरिन्छ, त्यसमा स्वास्थ्य, शिक्षा जस्ता मुद्दाहरूलाई किन [redacted] ?**

# किन हराउँदै छ संसारबाट सद्भाव, हार्दिकता र मानवता ?

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

> **हामी जतिजति विज्ञानमुखी बन्दै जान्छौं, त्यतित्यति प्रकृतिमैत्री र मानवमुखी बन्दै जान्छौं । अनि मात्र हाम्रो समाजबाट हराएर गएको सद्भाव, प्रेम मानवता पुनर्स्थापित हुन्छ र घृणा, लोभ, मोह, अहङ्कार, क्रोधमाथि विजय प्राप्त गर्न सकिन्छ ।**

मानिस सामाजिक प्राणी हो । स्वभावैले यो समाजमा मिलेर बस्न चाहन्छ । अहिलेको मानिस होमोसेफियन मानिस हो । यो मानिस आएको ३ लाख वर्ष भयो । होमोसेफियनमा सोच्न सक्ने र तर्क गर्न सक्ने अवस्थामा दिमागको विकास भएको ७० हजार वर्ष भयो । यसमा पनि जम्मा १० हजार वर्ष भयो खेतीपातीको काम गर्न जानेको । वास्तवमा खेतीपातीको काम गर्न जानेपछि नै समाजलाई चाहिनेभन्दा अलि बढी खाद्याा उत्पादन सम्भव भयो । त्यसपछि मात्रै मानिसहरू अतिरिक्त केही सोच्ने काम गर्न थाले । अर्थात् ८ हजार वर्षदेखि मात्रै मानिसहरूले दिमागीरूपले सोच्न र केही रचना गर्न थालेको देखिन्छ । यस सन्दर्भमा संसारका सबै दर्शन, सबै धर्म सबै विचारहरू देखा परे । खासगरी इस्वी पूर्व ६ हजार वर्ष पहिले सबै दर्शनको उत्पत्ति भएको देखिन्छ । वास्तवमा त्योभन्दा पहिलेसम्म मानिस मानिसबीच आजजस्तो ईर्ष्या, द्वेष, लोभ, मोह, घृणा, मारामार र काटाकाटको अवस्था थिएन । यो छुट्टै कुरा हो, मानिसको विकास हुँदै गर्दा यी दर्शनहरूले र मानिसको स्वभाविक आर्थिक विकासले उत्पन्न गरेको वर्गीय तथा धार्मिक युद्धहरूमा हालसम्म लाखौं मानिसहरूको मृत्यु भइसकेको छ । सैद्धान्तिकरूपले मानिसहरू एक अर्कासँग मृत्युभासी मानवीय तथा करुणा सिद्धान्त राख्दछन् जबकि व्यवहारमा यो कुरा पछिल्लो १० हजार वर्षमा पटक्कै देखिएको छैन । संसारमा अहिलेसम्म भएको दुईवटा विश्वयुद्ध र अनेकौं धर्म युद्ध, साम्प्रदायिक दङ्गाहरूको हिसाब गर्ने हो भने लाखौं लाख मानिस अनाहक मारिएका छन् । त्यति बेलाको मानिस खानपिन, संस्कृति र सभ्यताको स्तरमा निकै पिछडिएको मानिन्छ । तर आज मानिसको खानपिन, सभ्यता र संस्कृति आधुनिक मानिन्छ । तर यस बीचमा हामीले के भुल्नुहुँदैन भने मानिसले आफूलाई जति वैज्ञानिक र सभ्य दाबी गरे पनि; लोभ–मोह र अहङ्कारले एक अर्कोलाई होच्याउने, तँ सानो म ठूलोको भावनाले जहिले पनि हिंसा निम्त्याउँदै गरेको देखिन्छ ।

आधुनिक इतिहासमा मानिसहरू निकै लामो कालखण्डदेखि अहिंसात्मकभन्दा हिंसात्मक भएर अगाडि बढेको देखिन्छ । आखिर मानिस किन सद्भाव, दया, करुणा, प्रेम, मानवता आदिविरुद्ध घृणा, लोभ, मोह, अहङ्कार आदिले भरिभराउ हुँदै गएको छ ? यो सर्वाधिक विचारणीय प्रश्न हो । यस प्रश्नको उत्तर खोज्नु उक्त समस्याको समाधान पनि हो । आउनुस् यसबारे थोरै चर्चा गरौं ।

निजी सम्पत्ति, परिवार र राज्यले गर्दा मानिसहरूमा लोभ, मोह, घृणा, तृष्णा र अहङ्कार बढ्दै गएको कुरा नकार्न सकिँदैन । यस्ता कुरा उत्पन्न हुनुमा एउटा मुख्य भूमिका धर्मको पनि रहेको देखिन्छ । जब तपाईं कसैलाई सानो र आफूलाई ठूलो भन्नुहुन्छ, त्यतिबेलै दुईबीच स्वाभाविकरूपले द्वन्द्व सृजना हुन पुग्छ । यो संसारमा न कोही सानो छ, न कोही ठूलो । यो सबै काल्पनिक र बनावटी कुरा हो । प्रकृतिले कसैलाई पनि सानो र ठूलो बनाएको छैन । अनि जब तपाईं कसैलाई सानो भनेर होच्याउनुहुन्छ त्यहींबाट द्वन्द्वको शुरूआत हुन्छ । प्रकृतिको स्वभाव स्वतन्त्रतामैत्री हो । तर निजी सम्पत्ति, परिवार र राज्यको स्वभावकसैलाई पनि स्वतन्त्र हुन नदिने, आफ्नो अधीनस्थ राख्ने र मालिक बन्ने हुनाले समाजभित्र स्थिरताभन्दा बढी अस्थिरता देखिन्छ । यस प्रकारको मनोविज्ञानले समाजमा हिंसा निम्त्याउँछ । यस्तो अवस्थामा आफूलाई राम्रो देखाउन समाजले निकै उच्च नैतिकताका सूत्रहरू आविष्कार गर्छ । तर व्यवहारमा लागू गरिंदैन । व्यवहारमा एकले अर्कोलाई कज्याउने, आफू ठूलो बन्ने र सबैलाई आफू अधीनस्थ बनाउने मनोविज्ञान तयार पार्छ । यही मनोविज्ञानले गर्दा लामो समयसम्म अमेरिका र रूसबीच शीतयुद्ध चल्यो । हुनत यति बेला रूसमा कम्युनिस्ट सरकार छैन । तर पनि अमेरिका र रूसबीच रहेको सुषुप्त द्वन्द्व अझै सकिएको छैन । यही द्वन्द्वको परिणाम हो । २४ डिसेम्बर २०२२ मा थालिएको रूस–युक्रेन युद्ध अझै सकिएको छैन । त्यसैगरी सन् १९४८ मा शुरू भएको इजरायल र फिलिस्तिनी युद्ध पनि सकिएको छैन । भारत–पाकिस्तानको कुरा होस् वा भारत–चीनको, सर्वत्र हामी के देख्छौं भने हिंसाले नै प्रश्रय पाएको छ । प्रेम र सद्भाव भनेको एक अर्कोलाई झुक्याउन मात्र प्रयोग गरिने शब्दावली बनेको छ ।

हुनत नेपालीहरूलाई संसारमा शान्तिप्रेमी मान्छेको रूपमा जानिन्छ । तर के वास्तवमा नेपालका मानिसले कुनै युद्ध गरेका छैनन् ? त्यसो होइन, वास्तवमा नेपालले थुप्रैचोटी तिब्बतमाथि हमला गरेको देखिन्छ र संसारका कुनै पनि मानिस, कुनै पनि समाज, कुनै पनि देश, कुनै पनि परिवार, कुनै पनि व्यक्ति निजी सम्पत्ति र राज्यको प्रादुभाव भइसकेपछि हिंसा नगरिरहन सक्दैन । हुनत मानव समाजलाई हिंसाबाट जोगाउन र अनुशासित राख्ने उद्देश्यले धर्मको उत्पत्ति भएको हो भनिन्छ । तर वास्तविकता यसो होइन । धर्म आएदेखि संसारभरि चलेका धर्मयुद्धहरूमा लाखौंलाख मानिस मरेको देख्दा हिंसाको एउटा ठूलो कारण धर्म हो भन्ने कुरा स्पष्ट हुन्छ । पूर्वी संस्कृतिमा आफूले खुशी वा दुःख मनाइराख्दा अरूलाई समस्या त भइरहेको छैन भन्ने कुरामा विचार पुऱ्याउनुपर्छ भनिएको छ । तर यसको हेक्का समाजले राखेको कतै देखिंदैन । चुनावपश्चात् निस्किने विजय जुलुस होस् वा कुनै खेल जितेको खुशियालीमा निकालिएको हिपहिप हुर्रेको जुलूस होस् प्रायः घण्टौं सडकमा ट्राफिक जाम बेहोर्नुपर्छ बटुवाहरूले । यस्तोमा कतिपटक गम्भीर प्रकृतिका रोगी बोकेको एम्बुलेन्सले समेत अमानवीय सास्ती भोग्दै आएका छन् ।

नेपाली समाजले सबैभन्दा बढी अरूको स्वार्थको कारण भोग्दै आएको विषय हो–भ्रष्ट राजनीति । परिवर्तनको नाममा २००७ सालदेखि हालसम्म जनताले गुमाएको धन, जन र खेपेका सास्ती कति हो कति ? यो सप्ताह तीन दिनसम्म वीरगंजवासीले कर्फ्युको सामना गर्नुपऱ्यो । कर्फ्युको अघिल्लो दिन १०० रुपियाँमा ५–६ किलो पाउने काउली सय रुपियाँ किलो किन्न बाध्य हुनुपऱ्यो । अनावश्यकरूपमा अत्यन्तै कष्टकर जीवन बिताउनुपऱ्यो । कर्फ्युका कारण भने उही पुरानै रोग–रौतहटमा सरस्वती विसर्जन गर्दा दुईपक्ष बीच भएको मनोवैज्ञानिक झडप । यो कुरा पोहोर साल पनि भएको थियो । त्यसको तुष अझै गइसकेको थिएन र यसपालि पनि दोहोरियो । आशा गरौं आउने वर्ष फेरि सरस्वती विसर्जन गर्दा कुनै किसिमको दङ्गा–फसाद नहोस् ।

नेपालमा अहिले विकसित भएको सबैभन्दा नराम्रो कुरा के हो भने कुनै पनि नराम्रो कुरा एक ठाउँबाट तुरून्तै अर्को ठाउँ सरुवा रोगजस्तै फैलिन्छ । विवाद र बहस रौतहटमा भयो । तर त्यसको असर पर्सा, सर्लाही, महोत्तरी आदि ठाउँमा पऱ्यो । थुप्रै यस्तो राम्रो कुरा छ, जसबाट हामीले सिक्नुपर्ने हो । हाम्रै देशभित्र कतिपय नगरपालिका, गाउँपालिकामा भएका विकास–निर्माण हामीले गर्नुपर्ने हो तर त्यसो गरेको कहिले देखिंदैन । नकारात्मक कुरा हामी छिटै टिप्छौं । यो हामीले छोड्नैपर्ने कुरा हो । सकारात्मक कुरा टिप्ने गरौं । नकारात्मकले हामीलाई कहीं पुऱ्याउँदैन, राम्रो गर्दैन यो सबैले बुझ्न जरूरी छ । क्षणिक आवेगमा आएर केही हुन्न । आफैंलाई नाश गर्नेबाहेक यसबाट केही फाइदा हुन्न । त्यसैले क्षणिक आवेग होइन, दीर्घकालीन मैत्री स्थापित गर्ने खाँचोतर्फ सबैले ध्यान दिन जरूरी छ । होइन भने हामीले आफ्नो देश र समाजको विकास गर्ने कि विनाश, अन्योल उत्पन्न हुन्छ । हामी कता गइरहेका छौं ? यसतर्फ पनि एकचोटि निधार खुम्च्याउन जरूरी छ । जुनसुकै धर्म मान्ने मानिस होस्, हामी सबै नेपाली हौं । र हामी सबैले नेपालमैं बस्नुछ । अनि किन एकले अर्कोविरुद्ध ढुङ्गा प्रहार गर्ने, आगजनी गर्ने, जुलूस निकाल्ने तथा मुठभेडको अवस्था तयार पार्ने ? के मानवता भनेको यही हो ? हाम्रा धर्महरूले यही सिकाएको हो ? होइन भने हामी किन उत्तेजित हुन्छौं ?

हामी सबैले एउटा कुरा बुझ्न जरूरी छ । हिंसाले कहिले पनि कसैको पनि भलो गर्दैन । हिंसा आफैंमा विनाशकारी चीज हो । यसले दुवै पक्षको विनाश नै गर्छ । यसले लामो समयसम्म मानिसभित्रको सद्भावलाई आगोले खरानी पारेझैं खरानी पारिदिन्छ । त्यसकारण मानव समाजले सकेसम्म सबै प्रकारको हिंसाबाट जोगिने प्रयास गर्नुपर्छ । हिंसाबाट हामी जोगिन सकेनौं भने मानव प्रजाति नै नरहने अवस्था उत्पन्न हुन सक्छ । यसतर्फ हामी सचेत भएर सोच्न जरूरी छ । एउटा खास अवस्थामा उत्पन्न कुनै पनि चीज एउटा खास अवस्था नआएसम्म समाप्त हुँदैन । यो हामी सबैलाई थाहा छ । एउटा यस्तो समय थियो, जब न धर्ती थियो, न सूर्य, न चन्द्रमा । न कुनै ग्रह नै थियो । यो ब्रह्माण्ड बनेपछि चन्द्रमा र अन्यान्य ग्रह–उपग्रहहरू बने । हामीले के भुल्नुहुँदैन भने एउटा यस्तो अवस्था आउने छ जब फेरि यो धर्ती, सूर्य, ग्रहहरू, चन्द्रमा केही रहने छैन । अर्थात् धर्म पनि यसैगरी मानव समाजभित्र एउटा खास अवस्थामा आएको थियो । र एउटा खास अवस्था नआई यो जाने पनि छैन । तर हामी आजका सचेत आधुनिक मानिसले धर्ममा सुधार गर्दै, कट्टर धर्मान्धको साटो कट्टर मानवतावादी बन्दै, प्रकृतिमैत्री बन्दै अगाडि बढेनौ भने आउने पुस्ताले हामीलाई धिक्कार्ने छ । हामी २१ औं शताब्दीका मानिस धार्मिक–साम्प्रदायिक दङ्गामा मऱ्यौ–माऱ्यौं वा दुःख भोग्यौं भन्दा हस्यास्पद अर्को कुरा के होला ?

भनिन्छ धर्म आस्थाको विषय हो । साँच्चीकै आस्थाकै विषय हो भने एउटाको आस्थाबाट अरूको आस्था आहत हुनु उचित होइन । कसैको धार्मिक गतिविधिले अरूको आस्थामा प्रहार हुनु राम्रो हो त ? यसतर्फ सबैले बुद्धि पुऱ्याउन जरूरी छ । अनि मात्र हामी आफ्नो समाजलाई दुर्घटनाबाट जोगाउन सक्छौं । केवल आफ्नै फाइदाका लागि हिंडिरहने हो भने पाइला–पाइलामा द्वन्द्व सिर्जना हुन्छ र द्वन्द्वको मार झेल्न अनिवार्य हुन जान्छ । हामी तर्कशील, विज्ञानसम्मत विवेकशील बन्ने दिशामा बढी उन्मुख हुन जरूरी छ । अब पनि १४औं शताब्दीको जस्तो मूर्ख, रूढिवादी परम्परावादी बनेर हिंड्दा मानवता कायम रहन सक्दैन । हामी अब प्रकृतिमैत्री र मानवतावादी हुन जरूरी छ । संसारका सबै मानिस मानिस नै हुन् कोही सानो कोही ठूलो छैन भन्ने भावनाबाट ओतप्रोत हुन जरूरी छ । कोही सानो र ठूलो छैन । यदि कसैले कसैलाई सानो वा ठूलो भन्छ भने त्यो वास्तवमा भ्रम हो । यो भ्रमबाट मुक्त हुन जरूरी छ । जबसम्म हामी भ्रमबाट मुक्त हुँदैनौं, अनावश्यक दङ्गा हुन जान्छ । त्यसैले हाम्रो व्यवहारमा सुधार हुन जरूरी छ । हाम्रो चिन्तन शैली, हाम्रो चाडपर्व, हाम्रो संस्कृतिभित्रको अन्धविश्वास चिरेर विज्ञानमुखी बनाउन जरूरी छ । हामी जतिजति विज्ञानमुखी बन्दै जान्छौं, त्यतित्यति प्रकृतिमैत्री र मानवमुखी बन्दै जान्छौं । अनि मात्र हाम्रो समाजबाट हराएर गएको सद्भाव, प्रेम मानवता पुनर्स्थापित हुन्छ । हाम्रो समाजमा वर्चस्व कायम गरेको घृणा, लोभ, मोह, अहङ्कार, क्रोधमाथि विजय प्राप्त गर्न सकिन्छ ।

# चारजनालाई महेन्द्रनारायण निधि तथा प्रेमसागरीदेवी निधि पुरस्कार प्रदान गरिने

काठमाडौं, ११ फागुन/रासस

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवसहित चारजनालाई महेन्द्रनारायण निधि तथा प्रेमसागरीदेवी निधि राष्ट्रिय पुरस्कारद्वारा सम्मान गरिने निर्णय भएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण र जारी गर्न समन्वयकारी भूमिका निर्वाह गरेको तथा नेपालको लोकतान्त्रिक आन्दोलनमा करीब पाँच दशक निरन्तर सक्रिय योगदान गरेकामा प्रथम राष्ट्रपति डा यादवलाई महेन्द्रनारायण निधि तथा प्रेमसागरीदेवी निधि राष्ट्रिय पुरस्कार–२०८० प्रदान गरिने निर्णय भएको महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठानका अध्यक्ष पुरुषोत्तम दाहालले जानकारी दिए ।

साथै करीब आठ दशकदेखि निरन्तर लोकतान्त्रिक आन्दोलनमा सक्रिय रहेका पूर्वमन्त्री योगप्रसाद उपाध्यायलाई महेन्द्रनारायण निधि राष्ट्रिय पुरस्कार २०७९ बाट सम्मानित गर्ने निर्णय गरिएको छ ।

एबिसी नेपालका संस्थापक अध्यक्ष, विगत चार दशकदेखि निरन्तर महिला बालबालिकाको हक तथा मानव अधिकारका लागि सक्रिय तथा लोकतान्त्रिक आन्दोलनमा समेत योगदान दिएकोमा दुर्गा घिमिरे र शास्त्रीय सङ्गीतमा साधनारत, प्रथम नेपाली महिला तबलावादक सरीता मिश्रलाई क्रमशः २०८० र २०७९ को प्रेमसागरीदेवी निधि राष्ट्रिय पुरस्कारद्वारा सम्मानित गर्ने निर्णय भएको छ ।

विसं २०५८ मा मानार्थ अध्यक्ष विमलेन्द्र निधि र संस्थापक अध्यक्ष भानुभक्त ढकाल रहेर नेपाल गौरव महेन्द्रनारायण निधिको सम्मानमा स्थापित महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठानले विसं २०७० देखि अहिंसा, लोकतन्त्र, सामाजिक न्याय, समुदायबीच सद्भाव, सामाजिक जागरणमा सक्रिय व्यक्तित्वहरूलाई पुरस्कार प्रदान गर्दै आएको छ ।

केही वर्षयता पुरस्कार राशिमा थप गरी प्रत्येक पुरस्कारको राशि रु एक लाख एक हजार बनाइएको छ । यसअघि विभिन्न क्षेत्र र विधाका ३० जना व्यक्तित्व पुरस्कारद्वारा सम्मानित भइसकेका छन् ।

उक्त पुरस्कार तथा सम्मान यही फागुन १३ गते निधिको १०३औं जन्मजयन्तीका अवसरमा प्रदान गरिनेछ ।

पुरस्कार चयनका लागि नेपाल सरकारका पूर्वमुख्य सचिव डा विमल कोइरालाको संयोजकत्वमा पूर्वराजदूत डा दिनेश भट्टराई, प्राडा कुमार कोइराला, प्रा नवेन्द्र निधि सदस्य रहेको निर्णायकमण्डल निर्माण भएको थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका



# जेतवनमा भगवान् बुद्धको विहार

स्वान्त सुखायः



सञ्जय मित्र
mitrasanjay41@gmail.com

अनाथपिंडक श्रावस्तीका सेठ थिए। उनको राज्यभर र अन्यत्र पनि ठूलो सम्मान थियो। राजा थिए प्रसेनजित। प्रसेनजित जीवनको उत्तरार्द्धमा बढी धार्मिक हुन थालेका थिए। त्यति बेला गौतम बुद्धको प्रभाव बढिरहेको थियो। सेठ अनाथपिंडकलाई पनि लाग्यो कि एकपटक बुद्धको दर्शन गरूँ। आफ्नो इच्छालाई उनले दबाएनन्, भगवान् बुद्धको दर्शन गरे। भगवान्को जति नाम सुनेका थिए, त्यसभन्दा केही बढी नै प्रभावित भए। भगवान् बुद्धको जीवनीबारे पहिलेदेखि नै जानकार रहेका अनाथपिंडकले बुद्धसित भेट गरेपछि आफूमा पनि धेरै परिवर्तन भएको महसूस गरे। भगवानका अगाडि सेठले प्रस्ताव गरे–कृपया श्रावस्तीमा पाल्नुहोस्। मलाई पनि एकपटक सेवाको मौका दिनुहोस्। भगवान् बुद्धले पनि अनाथपिंडकको प्रस्ताव सहजभावले स्वीकार गरे।

भगवान बुद्ध शिष्यसहित जसरी बोलाइएको हुन्थ्यो, त्यसरी पुग्ने गर्दथे। श्रावस्तीको निम्तोको पछाडि निकै ठूलो रहस्य लुकेको थियो अर्थात् श्रावस्ती निकै ठूलो बुद्ध धार्मिकस्थल बन्नेवाला थियो। बुद्धलाई त्यहाँ आउनका लागि निम्तो दिएर सेठ आफ्नो घर फर्कन थाले। बाटोमा उनलाई लाग्यो–भगवान् बुद्धलाई शिष्यसहित राख्ने कहाँ ? उनको मनले उत्तर दियो – जेतवनमा।


जेतवनको नाम राजकुमार जेतको नाममा राखिएको थियो। श्रावस्तीका राजकुमारलाई धन्यवाद !

राजकुमार आश्चर्यचकित हुँदै भने – मैले त त्यत्तिकै भनेको हुँ। जेतवन मलाई अत्यन्त प्रिय छ। कुनै मूल्यमा बेच्न सक्दिनँ।

तत्काल मन्त्रीले प्रतिवाद गरे– तपाईंको प्रिय जेतवनको मूल्य तोक्नुभएको छ। ग्राहकले कुनै मोलाई नगरी मूल्य तिर्न तयार भएको अवस्थामा अब जिस्केरै भनेको भए पनि त्यो मूल्य ग्रहण गर्नुपर्छ। नीतिले यही भन्छ।

राजकुमार जेतले सोचेका थिए किन कसैले त्यत्रो खर्च गर्छ, तर अवस्था फरक हुन गयो। भोलिपल्ट दिउँसोसम्म अनाथपिंडकले जेतवनको तीनचौथाई भागमा स्वर्णमुद्रा बिच्छाइसकेका थिए। जब राजकुमार जेत त्यहाँ पुगे, छक्क परे।

राजकुमारलाई लागेको थिएन कि सेठसित यति धेरै स्वर्णमुद्रा होला वा बुद्धलाई ल्याएर केही दिनसम्म राख्नको लागि सेठ यति धन खर्च गर्लान्। तर




राजकुमार जेतको अधीन रहेको जेतवन निकै रमणीय ठाउँ थियो। भगवान् बुद्धलाई शिष्यसहित बस्न सजिलो हुने किसिमको ठाउँ थियो। भगवान्ले मन पराउने सम्भावना पनि थियो। सबै सुविधा पनि थियो र पूर्णतया शान्त पनि। श्रावस्तीभन्दा धेरै टाढा पनि थिएन। यस्तै विचार गर्दै सेठ श्रावस्ती पुगेर राजकुमार जेतसामु आफ्नो प्रस्ताव राखे। सेठको प्रस्ताव राजकुमार जेतलाई मन परेन वा ध्यान दिएर सुनेनन्। सेठले पुनः आग्रह गरे – भगवान् बुद्धको लागि यहाँले आफ्नो वनलाई दिनुहुन्छ कि ? खासै ध्यान नदिएरै जेतले जवाफ फर्काए – जति वन चाहिन्छ, त्यति ठाउँ स्वर्णमुद्राले ढाकिदेऊ।

सेठ अनाथपिंडक खुशी भए। भगवान्लाई आफ्नो ठाउँमा ल्याउने र आफूले रोजेको ठाउँमा राख्न पाउने दोहोरो खुशी प्राप्त भयो। सेठले भने– राजकुमारको जय होस्, म आफ्नो सारा सम्पत्तिले जेतवनको जमीनलाई स्वर्णमुद्रामय बनाउँछु। कृपाको लागि अचम्म ! सेठ अनाथपिंडक भने अत्यन्त उत्साहित देखिन्थे। जीवनभर कमाएको सम्पत्ति यसरी कसैको स्वागतका लागि खर्च गर्न सकिन्छ भन्ने अनुमानसम्म पनि राजकुमारलाई थिएन। राजकुमार जेतले जुन उत्सुकता र लगनशीलता देखे, उनको मनमा पनि भयो कि जब सेठले यति धेरै गर्न सक्छन् तब मैले पनि केही गर्नुपर्छ। अनि वनको बाँकीको भाग बुद्धको सेवामा आफूलाई पनि समर्पण गर्नको लागि रहन दिन आग्रह गरे।

निर्धारित समयमा भगवान् बुद्धको आगमन जेतवनमा भयो। जेतवनमा जे भएको थियो त्यो बुद्धलाई थाहा भइसकेको थियो। यो कुरा प्रसेनजितले पनि थाहा पाइसकेका थिए। भगवान बुद्धका प्रिय शिष्य आनन्दले जब जेतवनको लागि सेठको सहज सङ्घर्षको कथा सुने तब उनलाई यस ठाउँको गरिमा थाहा भयो। अब बुद्धधर्म प्रचारको मुख्य केन्द्र जेतवन बन्दै थियो।

जेतवनमा राजा प्रसेनजितले पनि भगवान् बुद्धको प्रवचन सुने। राजकुमार जेतले पनि भगवान्को दर्शन गरे। अनि जेत यति प्रभावित भए कि जेतवन बिक्रीबाट जति धन प्राप्त भएको थियो, त्यसलाई त्यहीं बुद्ध विहार बनाउन र अन्य व्यवस्थापनको लागि खर्च गरे। बुद्धत्व प्राप्त गरेपछि भगवान् बुद्धको भौतिक जीवनको धेरै भाग त्यसपछि यही जेतवनमा नै बित्न थाल्यो। बौद्ध भिक्षु सङ्घले निर्णय पनि गरेको थियो – वर्षावास यही हुन्छ। अनि हरेक वर्षाको समय सम्भव भएसम्म भगवान् बुद्धले जेतवनमा नै बिताउने काम गरे।

भनिन्छ, त्यस जमानामा सेठ अनाथपिंडकले जेतवन खरीद अठार करोड स्वर्ण मुद्रा तथा जेतवनमा विभिन्न भवन र बिहारका साथै अन्य संरचना निर्माणमा करीब चौवन्न करोड स्वर्ण मुद्रा खर्च गरेका थिए। त्यस जमानामा अनाथपिंडकलाई दानवीरको नामले पनि जनमानसमा परिचित गराएको देखिन्छ। जेतवनको गन्धकुटी भगवान् बुद्धको निवास थियो, जुन केही वर्षपछि आगो लागेर क्षतिग्रस्त हुन पुगेको अनुमान गरिएको छ। जेतवनको तत्कालीन भव्यता कति समृद्ध थियो भन्ने कुरा त्यसको भग्नावशेष र संरचना हेर्दा अनुमान लगाउन सकिन्छ।

भनिन्छ, भगवान बुद्ध पहिलोचोटि श्रावस्ती आउँदा बुद्धत्व प्राप्त गरेको १४ वर्ष बितिसकेको थियो। श्रावस्तीका सेठ अनाथपिंडकको ससुराली राजगिर (राजगृह) थियो। ससुरालीदेखि घरसम्म कहिलेकाहीं आवतजावत गर्दा बुद्धको प्रभाव तिनले देखे वा सुनेका थिए अनि आकर्षित भएका थिए। बुद्ध जेतवनमा करीब १९ वर्ष वास गरेको तथ्य फेला पर्दछ। हुनत बुद्ध कतै निश्चित समय बसिरहँदैनथे। उनी डुलिरहन्थे तर मुख्य गरी वर्षाको बेला वास बस्नको लागि श्रावस्ती नै बुद्धको रोजाइ हुन्थ्यो वा सङ्घले गरेको निर्णय आनन्दको परामर्शमा बुद्धले स्वीकार गरेका थिए। श्रावस्तीको जेतवनबारे विभिन्न बौद्धग्रन्थहरूमा वर्णन त छ नै, विभिन्न चिनियाँ यात्रीहरूले पनि जेतवनको विषयमा पर्याप्त सामग्री लेखेका छन्।

भगवान् बुद्धसित सम्बन्धित कपितय प्रसिद्ध कथा तथा मिथकहरूमा श्रावस्ती र जेतवनको नाम आउँछ। भगवान् बुद्ध यही भएको बेला अङ्गुलीमाल डाँकूको उद्धार गरेका थिए। बुद्ध साहित्यमा अङ्गुलीमालको कथा निकै प्रसिद्ध छ र अनेक किसिमले यसको चर्चा गरिएको पाइन्छ।

अनुसन्धानबाट के पुष्टि भएको देखिन्छ भने सेठ अनाथपिंडक र अङ्गुलीमाल डाँकूको निवास नजीकै थियो। नजीकै जङ्गल थियो र बस्तीमा सेठको निवास थियो। जेतवनलाई सेठ अनाथपिंडकले बौद्ध बिहारको रूपमा बनाउन आफ्नो सर्वस्व अर्पण गरेका छन् अनि यो पनि देखिन्छ कि डाँकू अङ्गुलीमालले भगवान् बुद्धसित तर्क गरेको र अङ्गुलीमालको हृदय परिवर्तन भएको ठाउँ जेतवनभन्दा करीब पचास मिटर मात्र टाढा छ। कतिपयले चेतना र अज्ञानता कति नजीक हुन्छ भन्ने आध्यात्मिक अर्थ लगाउन खोज्दछन्। चेतनाको निकट अँध्यारो धेरै समयसम्म टिक्दैन भन्ने बोध पनि यसबाट हुन्छ।

बुद्धसित अनाथपिंडकको मेल ज्ञान र धनको संयोग पनि मान्न सकिन्छ। ज्ञानसित धनको भेट हुँदा कस्तो स्थिति बन्दछ ? बौद्ध साहित्य तथा बौद्ध इतिहासमा भगवान् बुद्धसित अनाथपिंडकको भेट अनि अनाथपिंडकले जुन तन्मयताका साथ जेतवनको निर्माण गराए, यसबाट पुष्टि हुन आउँछ

# पत्रकारिताजगत्का कर्मशील योद्धा बद्रीविनोद

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

"वीरगंमा म १० वर्षपछि पाइला टेक्दै छु। जब म पथलैयाबाट वीरगंजतर्फ बढें, प्रगतिको गति उकालोउन्मुख अनुभूत गरें। विगत र वर्तमानबीचको फरक छुटचाउँदै यात्रा जारी थियो। वीरगंजमा पाइला टेकेपछि शहरको परिवर्तित दृश्य वितगभन्दा प्रशंसनीय दृष्टिगत भयो।" बद्रीविनोद प्रतीकले पुरस्कार ग्रहणपछि मन्तव्य व्यक्त गर्ने क्रममा मनोभाव जाहेर गरेका थिए।

पोखरा निवासी ७२ वर्षीय प्रतीक क्रियाशील पत्रकार तथा सेवानिवृत्त प्राध्यापक हुन्। गएको फागुन २ गते 'गोपालचन्द्र गोतामे पत्रकारिता पुरस्कार २०८०' वितरण कार्यक्रम थियो। प्रतिष्ठानले यस वर्षको पुरस्कार बद्रीविनोद प्रतीकलाई स्वर्णपदकसहित सम्मान गर्ने निर्णय गरेको थियो। सोही अनुसार उनलाई आमन्त्रित गरिएको थियो। उनी पोखरादेखि वीरगंज आएका थिए।

अग्रज पत्रकार प्रतीक नेपाल पत्रकार महासङ्घ, कास्कीका पूर्वअध्यक्ष तथा केन्द्रीय उपसभापति हुन्। उनी नेपाल सरकारबाट वरिष्ठ पत्रकार सम्मान, प्रेस काउन्सिल पत्रकारिता पुरस्कार, कीर्ति स्मृति पत्रकारिता सम्मान, पोखरा पत्रकारिता पुरस्कार सम्मान, गोविन्द वियोगी पत्रकारिता पुरस्कार, दयाशङ्कर पत्रकारिता पुरस्कार सम्मान, प्रेस स्वतन्त्रता सेनानी सम्मानलगायत अनेकौं सम्मानबाट पुरस्कृत व्यक्तित्व हुन्। काठमाडौंपछि पोखरामा पत्रकारिता विषयको अध्ययनको सुरुआत गराउने पुरानो पुस्ताका कर्मठ योद्धा पनि हुन् उनी। उनले पोखरा बहुमुखी क्याम्पसमा लामो समयसम्म पत्रकारिता विषयको अध्यापन गराएका छन्। सेवानिवृत्त भएपश्चात् पनि प्राध्यापकको अभावमा विसं २०७६ सालसम्म सेवारत रहे।

उनको जन्मथलो कास्की जिल्लाको सुदूरपूर्व अवस्थित रूपा गाउँपालिका–१ हो। हाल उनी पोखरा मनपा–१२, रानीपौवामा परिवारसहित बस्छन्। विसं २००९ सालमा बुबा भद्रकृष्ण खनाल र आमा विष्णुमाया खनालको जेठा सन्तानको रूपमा उनको जन्म भएको हो।

पुरानो पुस्ताका अग्रज पत्रकार तथा पत्रकारिताजगत्को अभिभावकसँग केही सिक्नुपर्छ र समाजमा साझा गर्नुपर्छ भन्दै कार्यक्रमपश्चात् मैले उनीसँग साक्षात्कार गरें। विभिन्न विषयमा लगभग डेढ/दुई घण्टा कुराकानी भयो। उनीसँग भएको संवादको सङ्क्षिप्त अंश प्रस्तुत छ–

मेरो जन्मथलो पोखरादेखि सुदूरपूर्व रूपा गाउँपालिका वडा नं १ हो। प्राथमिक तहको पढाइ ढिलो अर्थात् करीब आठ/नौ वर्षको उमेरपछि शुरू भयो। एकैचोटि कक्षा तीनमा नामाङ्कन भएको थियो। गाउँको विद्यालयबाट कक्षा पाँच उत्तीर्ण गरेपछि निमावि तहको लागि छिमेकी जिल्ला लमजुङ हानियो। विद्यालय जिल्लान्तर भए तापनि मेरो गाउँबाट हिंडेर एक घण्टा लाग्थ्यो। अरू कुनै विकल्प थिएन।

विसं २०२८ सालमा एसएलसी उत्तीर्ण गरें। परीक्षा केन्द्र पोखरामा परेको थियो। विसं २०२९ मा परीक्षाफल प्रकाशित भएको थियो। एसएलसीको परीक्षाफल प्रकाशित नहुन्जेलसम्म प्राथमिक तह पढेको गाउँको विद्यालयमा पढाएँ।

एसएलसीपछि पायक गन्तव्य थियो– पोखरा। पृथ्वीनारायण क्याम्पसमा प्रवीणता प्रमाणपत्र तह शिक्षा सङ्कायमा भर्ना भएँ।

मेरो गाउँको विद्यालयसँग सम्बन्धित एउटा समस्या थियो। पोखराबाट हिमदूत साप्ताहिक प्रकाशन हुन्थ्यो। एकदिन म त्यस पत्रिकाको कार्यालयमा गएँ। विषयवस्तु अवगत गराएँ। तर मैले एकतर्फी समस्या अवगत गराएकै भरमा समाचार छाप्ने अवस्था नरहेको जानकारी पाएँ। अन्ततोगत्वा सुझाव अनुसार 'सम्पादकलाई चिठी' सम्प्रेषण गरें। त्यो चाहिं प्रकाशन भयो। त्यसको गम्भीर असर पऱ्यो। मनमा पत्रकारिताप्रति श्रद्धाभाव जागृत भयो। किनभने बेथितिविरुद्ध मैले जति बोले पनि मेरो शब्द सम्बन्धित निकायसमक्ष पुगिरहेको थिएन। सुनेर पनि उनीहरू बहिरोझैं थिए। तर हिमदूत साप्ताहिकमा प्रकाशित मेरो शब्दले हलचल मचाइदियो।

पढाइसँगै दुई/चार पैसाको आयस्रोत होस् भन्ने चाहन्थें। यद्यपि म यस्तो काम चाहन्थें, जसले मेरो पढाइमा बाधा नपुगोस्। एकदिन आह्वान साप्ताहिकको सम्पादकलाई भेट्न कार्यालयमा पुगें। यसपटक समाचार प्रयोजनको लागि नभई कामको खोजीमा गएको थिएँ। कुरा भयो र काम पाएँ। विसं २०३१ सालमा पहिलोपटक आह्वान साप्ताहिकमा सहसम्पादकको जिम्मेवारी पाएँ। रु १२५ तलब थियो। यो रकम मेरोलागि सञ्जीवनीतुल्य थियो। त्यो पल मेरो हकमा सुखप्रद थियो नै, पत्रकारिता सिक्ने अवसर पनि। यद्यपि दुई/तीन महीना मात्र काम गरें।

मातृभूमि साप्ताहिक पत्रिका काठमाडौंबाट प्रकाशित हुन्थ्यो। त्यस पत्रिकामा एकजना परिचित पोखराबाट संवाददाताको काम गर्थे। तर उनी सरकारी कर्मचारी नियुक्त भएपछि त्यहींबाट त्यसै पत्रिकामा काम गर्नको लागि कुराकानी भयो। त्यही समयमा पत्रिकाका सम्पादक गोविन्द वियोगी भर्खर पत्रिकाबाट बिदा भएका प्रतिनिधिसित पोखरा आउनुभयो। म उहाँहरूलाई भेट्न गएँ। उहाँहरूले मलाई मातृभूमि पत्रिकाको संवाददाता नियुक्त गर्नुभयो। पत्रकारिताको मेरो पहिलो पाठशाला आह्वान सँगसँगै मातृभूमिबाट पनि शुरू भयो।

शुरूमा पत्रकारिता नै मेरो मुख्य पेशा होला भन्ने लागेको थिएन, न भविष्यमा के बन्ने भन्ने ध्याउन्न। केवल सोच यो थियो कि शैक्षिक योग्यता आर्थिक हैसियतले भ्याएसम्म जारी राख्नुपर्छ। दुर्गम गाउँबाट शिक्षा हासिल गर्नकै लागि शहर छिरेको थिएँ। तर 'सम्पादकलाई चिठी' भन्ने सामान्य त्यो घटनालाई केवल संयोग मान्न सकिंदैन। भलै त्यस बेला मलाई यो कुराको बोध भएन होला, तर पत्रकारितातर्फ डोऱ्याउने पहिलो खुड्किलो त्यो नै भयो। त्यसपछि बिस्तारै पत्रकारिताप्रति चासो बढेको हो।

पत्रिकामार्फत कुनै घटना सार्वजनिक भएपछि गम्भीरताका साथ नियामकले कारबाई गर्थे। पत्रकारिता समाजलाई सुसूचित गर्ने पेशा हो। यो पारदर्शी हुनुपर्छ। पत्रकारिता कसैको पक्ष वा विपक्षमा वकालत गर्ने माध्यम हुँदै होइन। पत्रकारलाई पनि मतदानको अधिकार छ। त्यस कारण व्यक्तिगत जीवनमा कुनै विचारसँग नजीक/सहमत हुन सक्छ। तर त्यो व्यक्तिगत जीवनमा आधारित विचार पत्रकारिताको उत्तरदायित्वमा हिस्सा बन्नुहुँदैन। त्यस कारण सूचना तथ्यमा आधारित सम्प्रेषण हुनैपर्छ। यसै सेरोफेरोमा एक प्रकरण साझा गर्न चाहन्छु।

झन्डै चार दशकअघिको कुरा हो। नेपाल राष्ट्र बैंक, पोखरा शाखाले वार्षिकोत्सव कार्यक्रमको आयोजना गरेको थियो। कार्यक्रमको समापनपछि निम्तालुहरू भोज खाए र गए। भोलिपल्ट एउटा अखबारले भोजमा गिद्धको मासु खुवाएको समाचार छाप्यो। यो समाचारले पन्त थरका तत्कालीन प्रबन्धक स्तब्ध भए। किनभने समाचार कपोलकल्पित थियो। प्रबन्धकले जनाए अनुसार त्यस पत्रिकालाई भूलवश आमन्त्रण गरिएको रहेन छ। त्यस कारण निराधार समाचार छापिएको थियो। नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयले उनको नाममा स्पष्टीकरण पत्र पठायो। प्रबन्धकले जवाफमा– "कुखुराको मासु पर्याप्त पाइरहेको अवस्थामा ठूलो भोजको लागि गिद्धको मासु खोज्नु कसरी सम्भव हुन सक्छ ?" प्रतिप्रश्नसहित जवाफ पठाए। यो उदाहरण दिनुको कारण के हो भने यस प्रकारको सञ्चारकर्मले पत्रकारिताजगत्को गरिमा घट्छ।



पत्रकार तथा प्राध्यापक बद्रीविनोद प्रतीक।

कर्मपथमा कसरी अडिग रहनुपर्छ भन्ने कुराको एक प्रसङ्ग यस्तो छ। विसं २०३७–३८ ताका पोखरामा एउटा घटना घट्यो। नमिता भण्डारी, सुनीता भण्डारी र नीरा पराजुलीको बलात्कार र हत्या भएको थियो। यस प्रकरणमा समाचार लेखेकै कारण हप्तौंसम्म अञ्चलाधीशले सोधपुछको लागि भन्दै कार्यालयमा बोलाउने र केही नसोधी दिनहुँ दुःख दिने गरेका थिए। उनीहरूले घोषितरूपमा नथुने पनि अघोषितरूपमा आफू थुनिएको अनुभूति गरेको थिएँ। अनाहकमा मानसिक यातना झेल्नुपरेको अवस्था थियो। धेरै प्रकारका प्रशासनिक दुःख झेल्न बाध्य पारे पनि म कर्तव्यपथबाट विचलित भइनँ, अडिग थिएँ।

विसं २०४२ सालमा मानविकी (भूगोल विषयमा)मा स्नातकोत्तर गरें। विसं २०५६ मा नेपाल पत्रकार महासङ्घको केन्द्रीय समितिको सदस्य भएपछि पोखरामा पत्रकारिता विषय पढाउनुपर्छ भन्ने मनसायले त्यतातिर मन लगाएँ। सुरेश आचार्य सभापति थिए। हामीले त्यो सोच बनाएर अगाडि बढ्यौं। पोखरामा विसं २०६०/६१ मा पत्रकारिता विषयको उच्च शिक्षाको कक्षा शुरू भएपछि पढाउन थालें। मैले हाईस्कूलमा भने २०३२/३३ सालदेखि नै पढाउन थालेको थिएँ।

(बाँकी चौथो पातामा)

वाटिका 2024 February 24 Saturday

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

दान त यस्तो हुनुपर्छ जुन सबैले गर्न सकोस् ।

जब हृदयमा प्रेम, करुणा, मङ्गल भावनाको विकास हुन्छ, अनि मानिसमा सहजतापूर्वक दिने भाव उत्पन्न हुन्छ, जसरी नदीले जल दिन्छ, वृक्षले फल दिन्छ, हावाले सास दिन्छ । के वायुमण्डलले आएर कहिल्यै सोधेको छ कि मैले तिमीलाई कति सास दिएँ ? यो कुरा वायुमण्डललाई थाहा पनि छैन । हामीले कति अक्सिजन लियौं ? हामी आफैंलाई थाहा छैन ।

वास्तविक दानमा न दिनेवालालाई थाहा हुन्छ, न लिनेवालालाई थाहा हुन्छ । कसले दान दियो, कसले लियो, कसैलाई थाहा हुँदैन । कहीं अहङ्कार छैन, कसैको शोषण छैन, तर पनि दिनेले दिइराखेको हुन्छ, लिनेले लिइराखेको हुन्छ । यस्तो दान नै वास्तविक दान हो । ओशो यस्तै दानको पक्षमा हुनुहुन्छ, जुन सहज, नैसर्गिक र प्रेमपूर्ण होस् । जसमा हिंसा नहोस्, जसमा शोषण नहोस् । दान ग्रहण गर्नेवालाले पनि हीनताबोध गर्नु नपरोस् ।

उपवासको दुईथरी अर्थ हुन्छ । पहिलो अर्थ अनुसार अनशन बस्नु, भोकै बस्नु र आफूलाइ कष्ट दिनु हो । यसमा कुनै धार्मिकता छैन । यसको साधनासँग कुनै सम्बन्ध छैन । कुनै गरीब मानिससँग खानेकुरा छैन, र उसले खान पाएन भने ऊ धार्मिक हुन सक्दैन । यसैगरी कुनै व्यक्ति जानीजानी भोकै बस्छ भने उसको धर्मसँग केही सम्बन्ध छैन ।

तर दोस्रो प्रकारको उपवासको अर्थ अर्कै छ । ओशोको अनुसार – उपको अर्थ नजीक हुन्छ र वासको अर्थ हुन्छ निवास । यसरी हेर्दा उपवासको अर्थ भयो–स्वयंको नजीक बस्नु अथवा ध्यानस्थ हुनु, समाधिस्थ हुनु । जुन मान्छे ध्यानमा प्रतिष्ठित छ, आफ्नो साक्षी, चैतन्यमा रमाइराखेको छ, ऊ उपवासमा छ । किन यसको नाम उपवास भयो ? किनकि यस्ता धेरै सन्त भए, जसलाई गहिरो ध्यानमा डुब्दा भोक तथा प्यास लागेको थाहा नै भएन । किनकि भोक तथा प्यास शरीरलाई लाग्छ, तर उनीहरू आफ्नो साक्षी तथा चैतन्यमा रमाइरहेकाले त्यो परमानन्द अवस्थामा भोक महसूस नहुँदा भोजन गर्न बिर्से । बाहिरबाट मानिसले हेर्दा उनीहरू भोकै प्यासै बसेको देखिन्छ । रमण महर्षिको जीवनीमा आउँछ कि कैयौं दिनसम्म उहाँले भोजन तथा पानी खानुभएन । एकपटक त तीन महीनासम्म पानी तथा भोजन ग्रहण गर्नुभएन । उहाँ यति लामो अवधिसम्म परम आनन्दमा लीन रहनुभयो । यसैगरी स्वामी विवेकानन्दका गुरु रामकृष्ण परमहंस धेरैपटक समाधिस्थ हुनुहुन्थ्यो र एक हप्तासम्म उहाँलाई खानेपिउने सुद्धि आउँदैनथ्यो । यो पोजेटिभ उपवास हो । परमात्माको निकट भएकोले शरीरको ख्याल रहेन, आफू शरीरदेखि धेरै टाढा भएकोले भोक तथा प्यास केही महसूस भएन । यो चाहिं साँचो अर्थमा असली उपवास भयो । जो भित्री परमानन्दमा लीन छ, उसलाई त्यही कारणले भोक तथा प्यासको सम्झना हुँदैन ।

नक्कली उपवासमा आत्मा तथा आनन्दको अनुभूति हुँदैन । ध्यान तथा समाधिको केही ज्ञान हुँदैन । जानीजानी आफ्नो शरीरलाई आफैंले कष्ट दिनु बाहेक यसमा केही हुँदैन । यस प्रकारको उपवासको केही सार्थकता छैन । यस्तो उपवास जसले गर्छ, त्यो मानिस व्यर्थै आफ्नो शरीरलाइ नोक्सान पुऱ्याउने एक प्रकारको हिंसक व्यक्ति हो । यस्तो मानिस प्रेमपूर्ण हुँदैन, यस्तो मानिस दुष्ट प्रवृत्तिको हुन्छ । उसलाई धार्मिक मानिस भन्नु एकदमै गलत हो । जसले आफैंप्रति यस्तो दुष्ट व्यवहार गर्छ, यस्तो मानिस सज्जन पनि हुँदैन । यस्तो मानिस आत्महिंसामा लीन हुन्छ । यस प्रकारको उपवासको अध्यात्ममा केही अर्थ छैन ।

यस प्रकारले उपवास दुई प्रकारका हुन्छन् । एउटा भयो हिंसात्मक, त्यसलाई अनशन भन्दा ठीक होला । अर्को परमानन्द भावमा लीन भएकोले शरीर महसूस नै नभएर भोकप्यास थाहै नहुने उपवास । यसमा कोही पनि जानीजानी भोकैप्यासै बस्दैन, उसलाई त भोकप्यासको अनुभूति नै हुँदैन । किनकि ऊ त्यो बेला प्रभुको नजीक बसेको हुन्छ र उसको सुद्धिबुद्धि हराएको हुन्छ । ऊ आफैंमा तृप्त हुन्छ, ऊ स्वयंसँग हुन्छ, आत्मानन्द, परमानन्दमा निमग्न हुन्छ । यी दुवै उपवासहरू अलग अलग छन् । ओशो अनशनवाला उपवासको विरोधमा हुनुहुन्छ र परमात्मा नजीक बस्ने उपवासको पक्षमा हुनुहुन्छ ।

एउटा गङ्गा छ, जुन यस धरामा बगिरहेको छ । अर्को गङ्गा छ, जुन हाम्रो चेतनाको धारा बनेर हामीभित्र बगिरहेको छ । बाहिरी गङ्गामा स्नान गर्नु शरीरको मात्र स्नान हो । भौतिक जलले हाम्रो शरीरलाई मात्र सफा गर्न सक्छ । शरीरको स्वच्छताको लागि नदी उपयोगी छ । गङ्गाप्रति हाम्रो भावना जोडिएको छ, त्यसैले हामीले गङ्गास्नानको मजा अवश्य लिनुपर्छ । गङ्गास्नान गर्नु अत्यन्तै राम्रो कुरा हो । तर हामीले याद राख्नुपर्ने कुरा के छ भने गङ्गास्नानले आत्माको स्नान हुँदैन । हामीले आफ्नो मन धुनुछ, आफ्नो हृदय, चेतना तिखार्नु छ । यो त भित्रको ध्यानको धारामा डुबुल्की लगाए पछि मात्र हुन्छ ।

त्यसैले ओशोले दुईवटा अलग अलग व्याख्या गर्नुभएको छ । कहिले उहाँ भन्नुहुन्छ – बाहिरी तीर्थमा डुलेर केही हुँदैन । तिम्रो हृदय, तिम्रो अन्तर्आत्मा नै असली तीर्थ हो, त्यहाँ जाऊ । परिक्रमा नै गर्नुछ भने आफैंभित्र गर, आफैंमा रमण गर । बाहिर बाहिर परिक्रमा गरेर केही हुँदैन, असली तीर्थ तिमीभित्रै छ । असली घटमा जाऊ, त्यहाँ डुबुल्की मार जहाँ परमात्माको निवास छ ।

धार्मिक मानिसहरू भन्छन्–परमात्मा सर्वव्यापी हुनुहुन्छ । फेरि भन्छन् परमात्मा यो विशेष मन्दिरमा हुनुहुन्छ, यो विशेष तीर्थस्थानमा हुनुहुन्छ, खासखास ठाउँमा मात्र परमात्मा बस्नुहुन्छ । उनीहरूको कुरा आफैंमा बाझिएका छन् । यदि परमात्मा व्यापक छन् भने हाम्रो सबैभन्दा नजीक त हाम्रै अन्तर्आत्मा छ, त्यसो भए हामी त्यसैमा डुबुल्की किन नमार्ने ? क्रमशः

## पत्रकारिता ...

मेरो रुचि पत्रकारिता र शिक्षामा मात्र सीमित थिएन, अपितु साहित्यमा पनि उत्तिकै थियो । मेरो पहिलो पुस्तक 'स्वीकार', दोस्रो 'झरेको पात', तेस्रो 'उडान' प्रकाशित भइसकेका छन् । चौथो र पाँचौं उपन्यास प्रकाशनको तयारीमा छ । पोखरा हटलाइन दैनिकमा अहिले प्रधानसम्पादकको जिम्मेवारीमा कार्यरत छु ।

विसं २०३७ सालमा विवाह भयो, म स्नातक तहमा अध्ययनरत छँदा । उनी चाहिं प्रमाणपत्र तहमा पढ्दै थिइन् । यद्यपि हामी एकअर्कासँग अपरिचित थियौं । अभिभावक र आफन्तजनबीच विवाहको प्रसङ्ग चलेको रहेछ । त्यसपछि थाहा भयो, परिचय भयो । सावित्री पराजुलीसँग विवाह भयो । जीवनको गोरेटोमा हामी एकअर्काप्रति समपर्ण भावनाका साथ हाँसीखुशी बाँचिरहेका छौं । एक छोरा र एक छोरी छन् ।

गोपालचन्द्र गौतमजीसँग वीरगंजमा दुईपटक र काठमाडौंमा एकपटक भेट भएको थियो । प्रत्यक्ष भेटघाटको क्रममा उनीसँग भएको संवाद स्मरणीय छ । उनी पत्रकारिता क्षेत्रको कर्मठ, प्रभावशाली र उदाहरणीय व्यक्तित्व थिए । पत्रकार गौतामेको समयमा पत्रकारिता जोखिमपूर्ण थियो । त्यस बेला पनि स्व. गोतामेले जनमुखी पत्रकारिता गरेर देशभरिमा नाम कमाउन सफल भएका थिए । आज उनकै स्मरणमा सम्मान र पुरस्कार पाउँदा उनको अनुहार र त्यो पल झल्किरहेको छ, जुन शब्दमार्फत व्यक्त गर्नु सम्भव छैन । मलाई सम्मान गरेकोमा पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठानप्रति आभार प्रकट गर्दछु ।

# साइकोफार्माकोलोजी वा मनोभेषज विज्ञान–२

वाटिका

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**२० देखि ३५ प्रतिशत रोगीमा एन्टिडिप्रेसेन्टले काम गर्दैन । यसलाई रिफ्रेक्टरी डिप्रेशन भनिन्छ । यसको कारण शरीरद्वारा औषधि कम स्वीकृत हुनु, औषधिको उचित मात्रा नपुग्नु, उपचार अवधि कम हुनु, रगतमा औषधिको लेभेल कम हुनु, डायग्नोसिस नै गलत हुनु आदि हो ।**

गताङ्कमा साइकोट्रोपिक अेषधिहरूको वर्गीकरणको पहिलो वर्ग एन्टिसाइकोटिक ओषधिबारे जान्यौं । अब एन्टिडिप्रेसेन्टको वर्णन हुनेछ । एन्टिडिप्रेसेन्ट ती औषधि हुन्, जसलाई डिप्रेशन अथवा अवसादमा प्रयोग गरिन्छ । १९५८ मा थोमस पुनले इमिप्रामिन नामको पहिलो एन्टिडिप्रेसेन्ट बनाए । फिनोथायाजीन एक एन्टिसाइकोटि औषधि हो र त्यसैलाई बनाउँदा इमिप्रामिन बन्न पुग्यो जसले साइकोसिसमा काम गर्दैन तर अवसादको पहिलो र असरदार औषधि हो । एन्टिडिप्रेसेन्टको वर्गीकरण पनि निम्न अनुसार छ : १. साइक्लिक एन्टिडिप्रेसेन्ट २. सेलेक्टिभ सिरोटिनिन रिअपटेक इन्हिवीटर ३. सिरोटिनीन र नरइपिनेफ्रिन रिअपटेक इन्हिवीटर ४. नरइपिनेफ्रिन र सिरोटिनिन रिअपटेक इनहान्सर ५. नरएड्रिनर्जिक र स्पेसिफिक सिरोटिनर्जिक एन्टिडिप्रेसेन्ट ६. नरइपिनेफ्रिन र डोपामिन रिअपटेक इन्हिवीटर ७. सिरोटिनीन एन्टागोनिस्ट र रिअपटेक इन्हिवीटर ।

साइक्लिक एन्टिडिप्रेसेन्टको पनि चार भाग छ : क. ट्राइसाइक्लिक ट्रसियरी एमाइन्स, जसमा पर्ने औषधिहरू हुन् : इमिप्रामाइन, एमिट्रिप्टेलिन, डोक्सिपीन, .ट्राइइमिप्रामिन, क्लोमिप्रामिन, डायोइथिपिन ख. ट्राईसाइक्लिक सेकेन्डरी एमाइन्समा : नरट्रिप्टिलिन, प्रोट्रिप्टिलिन, डेसिमिप्रामिन ग. टेट्रासाइक्लिक एन्टिडिप्रेसेन्ट : मियान्सेरिन, मेप्रोटिलिन, एमोक्सापिन, घ. वाइसाइक्लिक एन्टिडिप्रेसेन्ट : निलोक्साजीन आदि । त्यस्तै दोस्रो सेलेक्टिभ सिरोटिनिन रिअपटेक इन्हिवीटरमा पर्छः फ्ल्युक्सोटिन, पारेक्सिटिन, फ्ल्युरोक्सामिन, सर्ट्रेलिन र सिफालोप्रम आदि । त्यस्तै सिरोटिनिन र नरइपिनेफ्रिन रिअपटेक इन्विटरमा पर्छ : भेन्लाटेक्सिन, । नरइपिनेफ्रिन र सिरोटिनीन इनहान्सरमा : टियानेप्टिन । नरएडिनर्जिक र स्पेसिफिक सिरोटिनिन एन्टिडिप्रेसेन्टमा : मिर्टाजापिन । नरइपिनेफ्रिन डोपामिन रिअपटेक इन्हिवीटरमा : व्युप्रोपियोन तथा त्यस्तै सिरोटिनिन एन्टागोनिस्ट र रिअपटेक इन्हिवीटरमाः ट्राजोडिन र नेफाजोडिन पर्छ ।

इन्डिकेशन अथवा निर्देशन अर्थात् यी कहाँ कहाँ, कुन कुन औषधि प्रयोग गरिन्छ । यसको मुख्य निर्देशन निम्नलिखित छ : १. डिप्रेशन अथवा अवसादमा, २. चाइल्ड साइकियाट्रिक डिजार्डर ३. अर्को साइकियाट्रिक डिजार्डर ४. मेडिकल डिजार्डर । पहिलोमा पर्छ–परभेसिभ इपिसोड वा मेजर डिप्रेशन, इन्डोजिनस डिप्रशन वा आन्तरिक कारणले हुने डिप्रेशन, डिप्रेसिभ इपिसोड आफ मेलन्कोलिया इसिटीको साथ वा विनाइसिटी, डिप्रेसिभ इपिसोड आफ साइकोटिक फिचर साइकोटिक औषधि वा इसिटीको साथ, कहिलेकाहीं साइकोथेरापीको साथ डिसथाइमियामा जो धेरै दिनसम्म रहने हलुका डिप्रेशन हो । यसले कहिलेकाही मेजर डिप्रेशनको रूप लिन्छ, कहिलेकाहीं डिप्रेशनजस्तै र मास्क्ड डिप्रेशनमा, एटिपिकल डिप्रेशनमा, सेकेंडरी डिप्रेशनमा जस्तै थायरायडिज्म, कुसिंग सिंड्रोम र असामान्य ग्रीफ रिएक्सनमा । दोस्रो चाइल्ड साइकियाट्रिक डिजार्डरमा – एन्युरेसिस जुन विहेवियर थेरापीको साथ वा छुट्टै पनि प्रयोग हुन्छ । एटेन्शन डेफिसिट जसमा हाइपर एक्टिभिटी हुन्छ, जहाँ एन्टिड्रिप्रेसेन्ट ६ वर्षपछि कम डोजमा दिइन्छ, जब स्टिम्युलेन्ट औषधि प्राप्त हुँदैन, कहिलेकाहीं स्कूलफोबियामा कम डोजमा, बच्चामा सेपरेशन एंग्जाइटिमा, सोमनम्बुलिज्म अथवा सुतेको बेला हिंड्ने बिमारीमा, भयानक सपना देखने बिमारीमा आदि । तेस्रो अन्य साइकोटिक डिजार्डरमा आउँछ : पैनिक एटेक जसमा इमिप्रामिन दिइन्छ, एगारोफोबिया र सोसल फोबिया जसमा माओइन्हिविटर दिइन्छ, डिप्रेशनसहित वा डिप्रेशनरहित अब्सेसिभ कम्पल्सिभ डिजार्डर जसमा क्लोमिप्रामिन, फ्ल्युएक्सिटिन र फ्लुरोक्सामिन प्रयोग हुन्छ, नार्कोलेप्सीको साथ केटोप्लेक्सी, बुढापावस्थाको आक्रामकतामा जसमा ट्राजोडोन दिइन्छ । बोर्डरलाइन पर्सनालिटि डिजार्डर जसमा डिप्रशसन पनि हुन्छ, ट्राइकोटिलोमैनिया अर्थात् कपाल लुछ्ने बिमारी जसमा क्लोमिप्रामिन र फल्युएक्सिटिन दिने गरिन्छ, डिपर्सनलाइजेसजन, चोटपटक पछिको तनाव, जेनरलाइज्ड एंग्जाइटी, निकोटिन एब्युज, कहिलेकाही अल्कोहल डिपेन्डेसी र क्रेभिङमा जसमा



फेनसेल्युएक्सिटिन दिने गरिन्छ । त्यस्तै चौथोमा मेडिकल डिजार्डर जसमा यदि पुरानो दुःखाइ छ भने कम डोजमा माइग्रेनमा पनि सहायक औषधिको रूपमा तथा पेप्टिक अल्सरमा डोक्सिपिन प्रयोग हुन्छ ।

### फार्माकोकाईनेटिक :

एन्टिडिप्रेसेन्ट पनि एन्टिसाइकोटिक सरह नै लामो हाफलाइफ भएको हुनाले दिनको एकपटक मात्र दिएर पुग्छ र यसको पनि काम गर्ने शक्ति दुई हप्ता पछि रगतमा उचित स्तर पुगेपछि मात्र शुरू हुन्छ । मुखबाट खाएपछि कुनै कम र कुनै बेसी मात्रामा आन्द्राबाट अवशोषित हुन्छ । यसले आन्द्राको गति मन्द पारी दिन्छ । मुख्यतः कलेजोमा गलेर यो पिसाबबाट बाहिर निस्किन्छ । साधारण खुराकमा जरूरी नभए पनि कलेजोको काममा निगरानी राखिन्छ र कलेजोलाई मजबूत पार्ने औषधिको दरकार पर्छ ।

### मेकानिज्म आफ एक्सन :

एन्टिडिप्रेसेन्टले पनि कसरी काम गर्छ भन्ने ठीकठीक थाहा छैन । ब्रेनमा केटेकोलामाइन स्राव हुन्छ, जसमा नरइपिनेफ्रिन, सिरोटिनिन र डोपामिन मुख्य हो । यी केटेकोलामाइन आफ्नो काम गरेर मान्छेका सन्तुलित व्यवहारको कारक बन्छन् । काम गरिसकेपछि नर्भको अन्तिम छेउमा त्यसलाई समातेर तोड्ने प्रक्रिया हुन्छ र टुटेपछि केटेकोलामाइन बेअसर हुन्छ । यो चक्र निर्वाध र सन्तुलित रूपमा चलिरहन्छ । जब यो टुट्ने प्रक्रिया बढी हुन्छ तब स्वभावतः त्यसको मात्रा कम हुन्छ र मात्रा कम भएपछि स्वभावतः त्यसको कार्यदक्षता पनि कम हुन्छ । यसरी कम भएको अवस्थामा मान्छेको व्यवहार सन्तुलित रहँदैन । एन्टिडिप्रेसेन्ट औषधिले यसरी तोड्ने प्रक्रिया गर्छ वा रोकिदिन्छ । फलस्वरूप केटेकोलामाइनको चाहिने मात्रा उपलब्ध भएर रोग निको हुन्छ । तर यसको लागि रगतमा खास मात्रा उपलब्ध हुनका लागि दुई हप्ता लाग्छ । औषधिको स्तर त्यस पछि नै देखिन्छ । यस्तै सम्पूर्ण रोग निको हुनको लागि कम्तिमा ६ देखि १२ महीना लाग्छ र फेरि रोग नबल्झोस् भन्नका लागि ५ वर्ष र कहिलेकाहीं जीवनभरि औषधि दिनुपर्छ । यसको साइडइफेक्ट मुख सुख्ने, निद्रा लाग्ने, कब्ज र केही सेक्सुअल डिसफंक्शन आदि हुन्छ, जसको उपचार सहयोगी औषधि दिएर गर्न सकिन्छ ।

### रिफ्रेक्टरी डिप्रेशन :

२० देखि ३५ प्रतिशत रोगीमा एन्टिडिप्रेसेन्टले काम गर्दैन । यसलाई रिफ्रेक्टरी डिप्रेशन भनिन्छ । यसको कारण शरीरद्वारा औषधि कम स्वीकृत हुनु, औषधिको उचित मात्रा नपुग्नु, उपचार अवधि कम हुनु, रगतमा औषधिको लेभेल कम हुनु, डायग्नोसिस नै गलत हुनु आदि हो । यी सबै शर्त पूरा भए पनि अझ १५ प्रतिशत रोगी यस्ता हुन्छन् जसले औषधिको प्रत्युत्तर दिंदैनन् वा उनमा औषधिको कम असर हुन्छ । यस्तोमा अन्य ग्रुपको औषधि दिइन्छ । तब पनि कुनै असर भएन भने इसिटी अथवा बिजलीको झटका लगाइन्छ ।

### मुडस्टेबिलाइजर :

साइकोट्रोपिक औषधिको तेस्रो ग्रुप हो, मुडस्टेबिलाइजिङ औषधि वा मन सन्तुलित राख्ने औषधि–जसमा लिथियम आदि पर्छ । **लिथियम** एउटा धातु हो जसको १८८७ मा एफ्रुडसनले खोज गरे । त्यस बेलादेखि गाउट अर्थात् गठियामा यसको प्रयोग हुँदै आयो तर मृत्युसमेत हुने यसको साइडइफेक्टले यसको प्रयोग बन्द भयो । १९४९ मा केडले यसलाई फेरि मैनियामा उपयोग गर्नेगरी संशोधन गरे तर पनि यसको शक्ति सन्देहास्पद नै रह्यो । १९५७ मा यसलाई फेरि मैनियामा उपयोग गर्नेगरी स्कुयोले अनुसन्धान गरे । तबदेखि यसको व्यापक प्रयोग हुन थाल्यो । यो मैनियामा धेरै भएकोले यसलाई एन्टिमैनिक पनि भनिन्छ । यति मात्र होइन, मूड उतारचढावमा पनि यो मैनिया जतिकै प्रभावकारी देखियो । अतः यसलाई मुडस्टेबिलाइजिङको रूपमा पनि चिनियो । अर्को मुडस्टेबिलाईजिङ औषधि पनि छ, जसमा भाल्प्रोयेट र कार्वामाजिपिन पर्दछ । यस अतिरिक्त अनुसन्धान भई रहेकोमा : ल्युमोफ्रिजिन र टाप्रामेट छन् ।

### इन्डिकेशन आफ लिथियम :

यद्यपि लिथियमको प्रयोग धेरै मनोरोग र अर्का बिमारीमा भए पनि यसको स्पष्ट निर्देशन सीमित र निम्नलिखित छ : १. एक्युट मैनियामा २.बाइपोलर रोकथामको लागि । निम्नलिखितमा पनि लिथियमको प्रयोग हुन्छ यथा : सिजोएफेक्टिभ डिजार्डर, साइक्लोथाइमिया जुन हलुका मूडको उतारचढाव हो, एक्युट डिप्रेशन, अल्कोहल र कोकेनको लत, संवेगी आक्रामकता, क्लिनलेभिन सिंड्रोम, जसमा मान्छे अत्यधिक सुत्छ, खान्छ र बढी सेक्सुअल पनि हुन्छ, क्लस्टर हेडेक जसमा एकातिरको एउटा आँखाभित्र वा उसको वरिपरि यति कडा दुःखाइ हुन्छ कि मान्छे निद्राबाट ब्युँझन्छ, साइक्लिक वान्ता, हाइपरथायरायडिज्म, हटिंगटन कोरिया, फेल्टिज सिंड्रोम जो क्रोनिक रूमेट्वाड अर्थराइटिसको यस्तो जटिलतामा प्रवेश हो, जसमा धेरै जोड नष्ट हुन्छ, पेरियोडिक हाइपोकैलेमिक पारालिसिस आदिको उपचार तथा बाइपोलरको रोकथाममा लिथियमको प्रयोग गरिन्छ ।

### लिथियमको फार्माकोकाईनेटिक :

लिथियम धेरै छिटो आन्द्रामार्फत अवशोषित हुन्छ र आधा घण्टादेखि ३ घण्टामा रगतमा यसको चरम मात्रा पुग्छ । थायरायडमा यो रगतभन्दा ३ देखि ५ गुणा बढी, ऱ्यालमा २ गुणा, दूधमा .३ देखि १, सिएसफमा ४ गुणा वढी हुन्छ यसको मात्रा । यसको स्थिर स्तर ७ दिनमा प्राप्त हुन्छ । लिथियमको मेटाबोलिज्म हुँदैन र जस्ताको त्यस्तै पिसाबबाट निस्कन्छ । सोडियम कम छ भने यो पिसाबबाट कम निस्कन्छ र रगतमा यसको मात्रा बढ्छ ।

### मेकानिज्म आफ एक्सन :

लिथियमले पनि कसरी काम गर्छ भन्ने ठीकठीक थाहा छैन । भनिन्छ कि मैनिया केटेकोलामाइन्सको अधिकताले हुने गर्छ । लिथियमले यीनै केटेकोलामाइन्सलाई कम गरेर मैनियामा सुधार गर्छ । तर यस कारणले यसले डिप्रेशनलाई कसरी कम गर्छ भन्ने व्याख्या गर्न सकिंदैन किनभने डिप्रेशनमा केटेकोलामाइन्स कम नै हुन्छ । लिथियम ८ देखि १० दिनसम्म धेरै कम काम गर्छ जसलाई लिथियम लैग भनिन्छ । ८ देखि १० दिनको समय त्यससले रगतमा काम गर्न र स्तर कायम गर्न लगाउँछ ।

### लिथियमको क्लिनिकल उपयोग :

लिथियम कार्बोनेटको ३०० मिलीग्रामको साधारण र ४०० मिलीग्रामको स्लो रिलिजिङ चक्की पाइन्छ । यसको ९०० देखि २१०० मिलीग्राम विभाजित खुराकमा दिइन्छ । यो दिनु पहिले मिर्गौला, मुटु, थायरायड र सेन्टल स्नायुको काम सही छ कि छैन हेर्न नितान्त जरूरी हुन्छ किनभने तिनको क्षमता कम छ भने लिथियम दिनुहुँदैन । लिथियम दिए पनि समय समयमा जाँच गरिराख्नुपर्छ । लिथियमको साइड इफेक्ट धेरै त छँदैछ, विषाक्त असर पनि यसको उपयोगमा बाधा बन्छ । यदि ब्लड लेभेल २.० मिलीग्राम प्रतिलिटर छ भने जीवनको लागि खतरा हुन्छ । ०.३ देखि ०.५ छ भने सामान्य मानिन्छ । लिथियमको साइड इफेक्ट निम्नलिखित छ : स्नायुसम्बन्धीमा ५० प्रतिशतमा ट्रेमर हुन्छ जुन लिथियमको मात्रा कम गरेर र प्रोप्रानोलोल दिएर ठीक गर्नुपर्छ । त्यसपछि आउँछ–मांसपेशीको कमजोरी, हलुका कगह्वील रिजिडिटी जुन पार्किन्सन रोगमा हुन्छ जसमा खुट्टा मोडियो भने बारम्बार उफ्रने गर्छ । छारे रोग, डेलिरियम, सेरीवेलर साइन मतलब जसमा मान्छेको हिंड्ने, हेर्ने आदिमा सन्तुलन बिग्रेर जान्छ, असामान्य एक्कासि हुने मुभमेन्ट र कोमा । यसको उपचार हेमोडायलिसिसले हुन्छ । त्यस्तै सिभिएस साइड इफेक्टमा : हाइपोकैलेमिया, अन्तःस्रावी ग्रन्थीमा : ग्वायटर, हाइपोथायरायडिज्म, ३० देखि ४० प्रतिशतमा थायरायडको कार्यमा गडबडी, वजन बढ्नु र खुट्टा सुन्निनु । गैस्ट्रो इन्टेस्टाइनलमा–वाकवाकी, बान्ता, धातुको स्वाद, पेटदर्द आदि । छालामा–डण्डीफोर, सोरियासिसमा बढोत्तरी । गर्भवती र दूध खुवाउने आमामा–यदि पहिलो तीन महीनामा लिइयो भने बच्चामा अपाङ्गताको भय, लिथियम दूधमा आउँछ र बच्चामा विषाक्त प्रभाव पार्छ ।

### कन्ट्राइन्डिकेशन- लिथियम कहाँ नदिने :

मिर्गौला, मुटु वा स्नायुको कार्यमा कमी, ब्लडडिसक्रेसिया, पहिलो तीन महीनाको गर्भवती र दूध खुवाउने आमालाई नदिने ।

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी निजी यान ५० वर्षभन्दा बढी समयपछि पहिलोपटक चन्द्रमामा अवतरण

अमेरिका, ११ फागुन/एपी

एक निजी यानले बिहीवार ५० वर्षभन्दा बढी समयपछि चन्द्रमामा पहिलो अमेरिकी 'टचडाउन' गरेको छ। यद्यपि उडान नियन्त्रकहरूले राम्रो सम्पर्क प्राप्त गर्नका लागि सङ्घर्ष नगरेसम्म कमजोर सङ्केत मात्र प्राप्त गर्न सकेका थिए।


तस्वीरः एजेन्सी

खराब सञ्चार भएपनि यानको निर्माण तथा व्यवस्थापन गर्ने कम्पनी इन्टचुटिभ मिसनले यानले सीधैं अवतरण गरेको पुष्टि गरेको छ। यद्यपि यान चन्द्रमाको दक्षिणी ध्रुवनजीक आफ्नो इच्छित गन्तव्यमा पुगेको थियो वा थिएन भन्नेबारे कम्पनीले कुनै थप विवरण दिएको छैन। यानबाट कमजोर सङ्केत प्राप्त हुनेबित्तिकै कम्पनीले आफ्नो लाइभ वेबकास्ट बन्द गरेको थियो।

मिसन निर्देशक टीम क्रेनले कम्पनीको ह्युस्टन नियन्त्रण केन्द्रमा तनावको स्थितिबारे भने–"निस्सन्देह हाम्रा उपकरणहरू चन्द्रमाको सतहमा भएको हामी पुष्टि गर्न सक्छौं।" इन्टचुटिभ मसिनसका कार्यकारी प्रमुख स्टिभ अल्टेमसले भने–"मलाई थाहा थियो यो ठूलो चिन्तापूर्ण र तनावपूर्ण थियो तर हामी सतहमा छौं र प्रसारण गर्दैछौं, चन्द्रमामा तपाईंलाई स्वागत छ।"

टचडाउनको दुई घण्टापछि कम्पनीको घोषणा अनुसार अन्ततः डाटा प्रवाह शुरू भएको छ। नासाको प्रसिद्ध अपोलो मुनवाकर्सपछि पहिलोपटक अवतरणले अमेरिकालाई सतहमा फर्काएको छ।

इन्टचुटिभ मसिनस चन्द्रमामा अवतरण गर्ने पहिलो निजी व्यवसाय पनि बनेको छ। यो उपलब्धि पाँच मुलुकले मात्र हासिल गरेका छन्। अर्को अमेरिकी कम्पनी एस्ट्रोबोटिक टेक्नोलोजीले गत महीना यसलाई सट दिएको थियो तर चन्द्रमामा पुग्न सकेन र यान पृथ्वीमा फर्कंदा दुर्घटनाग्रस्त भयो। दुवै कम्पनी चन्द्र अर्थतन्त्रलाई गति दिनका लागि नासा समर्थित कार्यक्रमका हिस्सा हुन्।

एस्ट्रोबोटिक सबैभन्दा पहिले बधाई दिनेमध्येको एक थियो। "एउटा अविश्वसनीय उपलब्धि, हामी निकट भविष्यमा चन्द्रमाको सतहमा तपाईंसँग सामेल हुनका लागि प्रतीक्षा गर्न सक्तैनौं"– कम्पनीले सामाजिक सञ्जाल एक्समा भनेको छ। नासाका प्रशासक बिल नेल्सनले ट्विट गरे–"इन्टचुटिभ मसिनसले जीवनभरको अवतरणलाई गति दियो।"

यानको नेभिगेशन प्रणाली विफल हुँदा अवतरण अघिको अन्तिम केही घण्टा थप तनावपूर्ण बनेको थियो। कम्पनीको उडान नियन्त्रण टोलीले प्रयोगात्मक नासा लेजर प्रणालीलाई कार्यान्वयनमा ल्याउनुपर्‍यो। यानले अन्तिम मिनेटको स्विचका लागि समयको अनुमति दिनका लागि चन्द्रमाको चारैतिर थप एउटा चक्कर लगाउनुपर्‍यो।

अन्ततः उक्त परिवर्तनसँगै ओडिसियस चन्द्रमा–स्किमिङ कक्षबाट उत्रियो र दक्षिणी ध्रुवनजीकै सबै चट्टान र क्रेटरबीचको तुलनात्मकरूपमा समतल स्थानलाई लक्ष्य बनाउँदै सतहतर्फ निर्देशित भयो।

निर्दिष्ट टचडाउनको समय आयो र गयो, कम्पनीको कमान्ड सेन्टरका नियन्त्रकहरू उत्सुकतापूर्वक करीब चार लाख किलोमिटर टाढा अन्तरिक्ष यानबाट सङ्केतको प्रतीक्षा गरिरहेका थिए। करीब १५ मिनेटपछि कम्पनीले यानबाट कमजोर सङ्केत प्राप्त भएको घोषणा गर्‍यो।

गत साता प्रक्षेपण गरिएको छ फिटको कार्बन फाइबर र टाइटेनियम यान (१४ फिट अग्लो) नासाका लागि छवटा प्रयोग थिए। केही वर्षमा अन्तरिक्ष यात्रीहरूको योजनाबद्ध फिर्ता हुनु अघि पहिलो चन्द्रमा डेलिभरीको व्यावसायिकीकरण गर्ने प्रयासको हिस्सास्वरूप अन्तरिक्ष एजेन्सीले कम्पनीलाई यान बनाउन र उडानका लागि ११ करोड ८० लाख डलर दिएको थियो। रासस



**चट्टान आरोहणमा विदेशी तथा स्वदेशी पर्यटकको आकर्षणः** तनहुँको बन्दीपुर गाउँपालिका–४ विमलनगरस्थित चुनपहरामा चट्टान आरोहण (रक क्लाइम्बिङ) गर्दै। यहाँ चट्टान आरोहणका लागि विदेशी तथा स्वदेशी पर्यटकको आकर्षण छ। तस्बिर : कृष्ण न्यौपाने/रासस

## वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन आवश्यक -मुख्यमन्त्री यादव

धनुषा, ११ फागुन/रासस

मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन तीनै तहको सरकारबीच समन्वय आवश्यक रहेको बताएका छन्।

श्रम तथा यातायात मन्त्रालय मधेस प्रदेशले आयोजना गरेको महिला, बालबालिका तथा सामाजिक न्याय समिति मधेस प्रदेशसभासँगको बहुपक्षीय कार्यशाला गोष्ठीको उद्घाटन सत्रमा मुख्यमन्त्री यादवले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा करीब २३ प्रतिशत योगदान दिने वैदेशिक रोजगार क्षेत्र व्यवस्थित बनाउने दायित्वबाट कोही पनि पन्छिन नपाउने उल्लेख गरे।

वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थित बनाउन मधेस प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयबाट छुट्याएर श्रम तथा यातायात मन्त्रालय स्थापना गरेको स्मरण गराउँदै मुख्यमन्त्री यादवले श्रम तथा रोजगारको क्षेत्रलाई व्यवस्थित बनाउन प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरे।

सीप नहुँदा वैदेशिक रोजगारमा ठूलो समस्या उत्पन्न भइरहेको उल्लेख गर्दै मुख्यमन्त्री यादवले वैदेशिक रोजगारमा जानेलाई सीपप्रति आकर्षित गर्ने कार्यक्रम ल्याउन सम्बन्धित अधिकारीलाई निर्देशनसमेत दिए। ग्रामीण क्षेत्रबाट दैनिक मजदूरीका लागि सदरमुकाम आउने श्रमिकको आवासको समस्यालाई मध्यनजर गर्दै प्रदेश सरकारले आठवटै जिल्लाको सदरमुकाममा श्रमिक भवन निर्माणका लागि बजेट व्यवस्थापन भइसकेको र सम्बन्धित स्थानीय तहहरूसँग समन्वय भइरहेको जानकारीसमेत गराए।



तस्वीरः रासस

श्रम तथा यातायात मन्त्रालयका सचिव सुरेन्द्र पौडेलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा मधेस प्रदेशसभा महिला, बालबालिका तथा सामाजिक न्याय समितिका सभापति रूपाकुमारी यादवले आप्रवासी कामदार समस्यामा पर्दा सरकारको तर्फबाट यथोचित सहयोग नहुनु दुःखद भएको बताइन्।

गोष्ठीमा स्वीस दूतावासका प्रतिनिधि एन्टोनियाले मधेस सरकारले श्रम तथा रोजगार नीति तयार गर्नु सराहनीय रहेको उल्लेख गरे। उनले मधेस प्रदेशमा स्वीस सरकारको सहयोगमा सञ्चालित सामी र रेमी परियोजनालगायतका कार्यक्रममा प्रदेश सरकारको तर्फबाट भएका सहयोग एवं सहकार्यप्रति धन्यवादसमेत व्यक्त गरे।

गोष्ठीमा प्रदेशसभा महिला, बालबालिका तथा सामाजिक न्याय समितिका सदस्य, श्रम तथा यातायात मन्त्रालयका पदाधिकारी एवं श्रमसँग सम्बन्धित प्रदेश सरकारका प्रतिनिधि, सामी एवं रेमी परियोजनाका पदाधिकारी लगायतका सरोकारवालाको सहभागीता थियो।

## गाजामा इजरायली विस्फोटमा ४० जनाको मृत्यु, सयजना घाइते

गाजा, ११ फागुन/सिन्ह्वा

मध्य गाजापट्टीमा इजरायली हवाई आक्रमणामा कम्तीमा ४० जना प्यालेस्टिनीको मृत्यु भएको छ भने १०० जना घाइते भएका छन्। गाजामा हमासद्वारा सञ्चालित मिडिया कार्यालयले बिहीवार एक प्रेस विज्ञप्तिमार्फत यस्तो जनाएको हो।

प्यालेस्टिनी सुरक्षा स्रोतका अनुसार इजरायली विमानहरूले देइर अल–बलाह शहरका धेरै आवासीय घरमा धेरै छापा मारी तिनीहरूलाई पूर्ण विनाश गरायो। हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले केही पीडितहरूको शव अल–अक्सा शहीद अस्पतालमा सारिएको उल्लेख गरेको छ।

इजरायली आक्रमणले छिमेकमा गम्भीर क्षति पुर्‍याएपछि मानिसलाई बचाउन एम्बुलेन्स र नागरिक सुरक्षा टोलीहरू आक्रमणस्थलहरूमा पुगेको सुरक्षा स्रोतले जानकारी दियो। चिकित्सा स्रोतका अनुसार अल–अक्सा शहीद अस्पताल हजारौं घाइते, बिरामी र विस्थापित मानिसहरूले भरिएको छ। रासस

## मौलापुर ...

पुरातात्त्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने सङ्कल्पसहित मधानी महोत्सवको सुरुआत गरिएको स्मरण गर्दै नगर प्रमुख साहले आज पनि आफ्नो सङ्कल्पप्रति प्रतिबद्ध रहेको बताएकी छन्।

उपप्रमुख यादवले मौलापुर नगरपालिकाले मधानी महोत्सवलाई पनि नगरको विकासको एउटा अङ्गको रूपमा स्वीकार गरिएको बताउँदै स्थानीयरूपमा व्यापार प्रवर्द्धन पनि हुने तथा विगतमा पनि भएको दृष्टान्त रहेको बताएका छन्। कम्तीमा १० करोड रुपैयाँको व्यापार मधानी महोत्सवमा हुने पूर्वानुमान गरिएको नगर प्रवक्ता चन्देश्वर बैठाको दाबी छ।

मौलापुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहले गत असार १० गते भएको नगरसभाले मधानी महोत्सवको लागि ६० लाख रुपैयाँ विनियोजन गरिसकेको जानकारी गराउँदै प्राचीन मन्दिर, प्राचीन महायज्ञ र प्राचीन खेलको लागि यस वर्षको महोत्सव प्रसिद्ध हुने बताएका छन्। अधिकृत साहले प्रसिद्ध भारतीय कुश्तीबाज स्वर्णपदक विजेता बबिता फोगाट फागुन २६ को मुख्य आकर्षण रहेको जानकारी गराएका छन्। मौलापुर मधानी महोत्सव कुश्तीको कारणले पनि चर्चामा रहेको उनले बताएका छन्।

विसं २०६५ मा जमीन खन्ने क्रममा मौलापुर–५ पतौरामा भेटिएको संरचनाको देशविदेशका पुरातत्त्वविद्‌बाट पुरातात्त्विक अध्ययन भएको छ। स्थानीय सरकार गठन भएपछि मौलापुर नगरपालिकाले पुरातात्त्विक महादेव स्थानको प्रवर्द्धन गर्दै आएको छ।

पुरातात्त्विक महादेव मन्दिर परिसरमा विवाहमण्डप, फराकिलो स्थान, पुरातात्त्विक सङ्ग्रहालय तथा भव्य मन्दिरको निर्माण नगरपालिकाको अग्रसरता भइसकेको छ। मन्दिर परिसरभन्दा करीब एक मिटर उत्तरमा भेटिएको नयाँ पुरातात्त्विक अवशेषको पनि नगरपालिकाको अग्रसरमा उत्खनन गर्ने काम भइरहेको छ।

गत वर्ष महाशिवरात्रिको दिन मधानी महोत्सवमा आएकी भारतको बिहार सरकारका सेवानिवृत्त पुरातत्त्वविद् डा विद्या चौधरीले पुरातात्त्विक महादेव परिसरका ईँटा र संरचना गुप्तकालको भएको बताएकी थिइन्।

## दस्तावेज मामिला खारेज गर्न ट्रम्पका वकीलहरूको आह्वान

वाशिङ्टन, ११ फागुन/एपी

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको कानूनी टोलीले बिहीवार राति फ्लोरिडाको एक न्यायाधीशसँग ट्रम्पमाथि गैरकानूनीरूपमा वर्गीकृत दस्तावेजहरू राखेको आरोप लगाइएको आपराधिक मुद्दा खारेज गर्न आग्रह गर्दै धेरै प्रस्ताव दायर गरेको छ।

राष्ट्रपतिको उन्मुक्तिले ट्रम्पलाई अभियोजनबाट जोगाउँछ भन्ने अंशमा दाबी गर्दै प्रस्ताव पेश गरिएको हो। यस्तो तर्क टोलीले पहिले नै अमेरिकी सर्वोच्च अदालतमा आफ्नो चुनावी हस्तक्षेप मुद्दामा पेश गरिसकेको छ।

वकील क्रिस्टोफर किसे र टड ब्लान्चेले लेखेका छन्, "आरोपहरू राष्ट्रपति रेकर्ड ऐन (पिआरए) अन्तर्गत रेकर्डलाई व्यक्तिगतरूपमा तोक्ने र रेकर्डलाई ह्वाइट हासउबाट मार–ए–लागोमा स्थानान्तरण गर्ने उहाँको कथित निर्णयमा आधारित छ।" ट्रम्पले पदमा रहँदा उक्त निर्णय लिएको भन्दै उनीहरूले लेखेका छन्, "यो आधिकारिक कार्य थियो, जसरी यो राष्ट्रपतिको उन्मुक्तिको अधीनमा छ।"

ट्रम्पले फ्लोरिडा सङ्घीय अदालतमा आफ्नो मार–ए–लागो स्टेटमा गैरकानूनीरूपमा वर्गीकृत दस्तावेजहरू जम्मा गरेको र तिनीहरूलाई फिर्ता गर्ने सरकारी प्रयासहरूलाई अवरोध पुर्‍याएको आरोप लगाउँदै दर्जनौं अपराधको सामना गर्नुपरेको छ। ती मुद्दा हाल मे २० मा सुनवाइका लागि निर्धारण गरिएको भएपनि मिति पछाडि धकेलिन सक्छ।

ट्रम्पका वकीलहरूले महान्यायाधिवक्ता मेरिक गारल्यान्डले पूर्वराष्ट्रपतिको अनुसन्धानका लागि गरेका विशेष वकील ज्याक स्मिथको नियुक्ति 'गैरकानूनी' भएको भन्दै दस्तावेज मामिला खारेज गर्ने आधार प्रस्तुत गरेका छन्।

पूर्वराष्ट्रपति ट्रम्पलाई जनवरी ६ मा अमेरिकी क्यापिटलमा उनका समर्थकहरूले हिंसात्मक दङ्गापछि सन् २०२० को निर्वाचन नतीजा उल्टयाउन काम गरेको आरोपमा सन् २०२१ मा वाशिङ्टनमा अभियोग लगाइएपछि ट्रम्पविरुद्ध स्मिथको अर्को मुद्दा अगस्तमा खुलासा भएको थियो।

उक्त मुद्दाको सुनवाइ मार्च ४ मा वाशिङ्टनको सङ्घीय अदालतमा तय गरिएको थियो तर उक्त दिनलाई ट्रम्पको अपीलका बीच रद्द गरिएको थियो। मुद्दामा पूर्वराष्ट्रपतिलाई ह्वाइट हाउसमा गरेको आधिकारिक कामका लागि अभियोजनाबाट छुटबारे कानूनीरूपमा अप्रयुक्त सवाल थियो। ट्रम्पका वकीलहरूले सर्वोच्च अदालतसँग उक्त मुद्दामा हस्तक्षेप गर्न भनेका छन् तर न्यायाधीशले हस्तक्षेप गर्छन् वा गर्दैनन् भन्ने स्पष्ट छैन।

सन् २०२३ जूनको अभियोगमा ट्रम्पमाथि दर्जनौं अपराधको आरोप लगाइएको छ। यसमा अनुसन्धानकर्ताहरूले मार–ए–लागोमा बलरूम, शौचालय र सावर, उनको शयन कक्ष र एक भण्डार कक्षलगायतका स्थानहरूमा लापरवाहीपूर्वक सङ्ग्रहित संवेदनशील दस्तावेजहरूको बाकस फेला पारेका छन्। अभियोजकहरूले ट्रम्पले दस्तावेज फिर्ता गर्न अस्वीकार गरेका र केही मामिलामा आगन्तुकहरूलाई देखाइएकाले विदेशी मुलुकहरूसँग सम्बन्धका साथै सैनिक र गोपनीय स्रोतहरूको सुरक्षामा खतरा भएको बताएका छन्।

ह्वाइट हाउस पुनः प्राप्त गर्ने होडमा ट्रम्पले चार अलगअलग शहरमा चार आपराधिक अभियोगको सामना गर्नुपरिरहेको छ। रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुसमाचार | वृष – भयचिन्ता |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – प्रगति | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# नेराप्रावि चिलझप्टीमा अभिभावकद्वारा तालाबन्दी





तस्वीरः प्रतीक

दिनेशकुमार मिश्र, वीरगंज, ११ फागुन/

जगरनाथपुर गाउँपालिका–५ स्थित नेराप्रावि, चिलझप्टीमा अभिभावकहरूले बिहीवार तालाबन्दी गरेका छन् । विद्यालयमा प्रधानाध्यापक, शिक्षक समयमा नआएर विद्यार्थीहरूको पठनपाठन प्रभावित भएको भन्दै अभिभावकहरूले तालाबन्दी गरेका हुन् ।

बालविकासदेखि कक्षा ५ सम्म अध्यापन हुने सो विद्यालयमा गुणस्तरीय अध्ययन नहुने गरेको अभिभावकहरूले गुनासो गरेका छन् । विद्यालयमा समयमा प्रअ, शिक्षक नआउने, खाजा वितरण नहुनेलगायतका समस्या देखाउँदै अभिभावकहरूले तालाबन्दी गरेको विद्यालय व्यवस्थापन समितिका सदस्य दिनानाथ गिरीले बताए ।

विद्यालय व्यवस्थापन समितिको अध्यक्षसमेत रहेका जगरनाथपुर गाउँपालिका–५ का अध्यक्ष बिहारी महतो नुनियाले आफूलाई यसबारे जानकारी नभएको बताए । उनले विद्यालयको समस्याबारे बैठक बसाइ समाधान खोजिने बताए ।

प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्दन रायले पालिकामा मदर्सा र सामुदायिक विद्यालय ३१ वटा रहेकाले समस्या क्रमशः सुधार हुँदै जाने बताए । उनले राम्रो अध्यापन हुने विद्यालयलाई प्रोत्साहन गर्ने गापाको नीति रहेको बताए । उनले नेराप्रावि, चिलझप्टीमा प्रअ र शिक्षक समयमा नआउनेबारे स्पष्टीकरण सोध्ने बताए ।

अभिभावकका अनुसार सो विद्यालयमा १४० जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा विभिन्न बहाना बनाएर कहिले प्रअ र कहिले शिक्षक समयमा आउने गरेका छैनन् ।

यसबारेमा प्रधानाध्यापक रामबहादुर यादवले मोटरसाइकल बिग्रेको कारण समयमा विद्यालय आउन नसकेको बताए। उनले विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रयास भइरहेको बताए ।

प्रअ यादवका अनुसार यस विद्यालयमा स्थायी शिक्षक एक, करार एक, बाल शिक्षिका एक र पियन एकजना गरी चारजना रहेको र एकजना शिक्षकको अभाव भएकोले पठनपाठनमा समस्या हुने गरेको बताए ।

प्रअ यादवले अभिभावकहरूको आरोपप्रति आफ्नो कुनै गुनासो नरहेको बताउँदै अभिभावकहरू सचेत भएकामा आफूलाई खुशी लागेको बताए। अभिभावकहरूले आफ्ना बालबालिकाको अध्यापनप्रति खोजीनिती गर्नु जायज भएको र अबदेखि अभिभावकहरूको भावनाबमोजिम अध्यापन हुने बताए ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १ | साहिब दरबार | रक्तदान | परवानीपुर | ७:०० |
| २ | अल्पाइन कप | क्रिकेट प्रतियोगिता | नारायणी रङ्गशाला | ८:०० |
| ३ | इस्कोन वीरगंज | श्री जगन्नाथ रथयात्रा | घण्टाघर | १०:३० |
| ३ | सखुवाप्रसौनी कप | क्रिकेट प्रतियोगिता | सखुवाप्रसौनी खेलमैदान | ११:०० |
| ४ | प्राज्ञिक विद्यार्थी परिषद् | छलफल | वीउवासङ्घ | ११:०० |


## वैदेशिक रोजगारका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- इजाजतप्राप्त कम्पनीमार्फत रोजगारमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफैं उद्यमी बनौं,
- श्रम स्वीकृतिको अवधि सकिएपछि अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानुपर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## ग्लोबल बिजनेश र वीरगंज सेन्ट्रल विजयी

प्रस, वीरगंज, ११ फागुन/

नारायणी रङ्गशालामा जारी प्रथम अल्पाइन कप क्रिकेट प्रतियोगिता–२०८० अन्तर्गत शुक्रवार दुईवटा खेल भए ।







पहिलो खेलमा ग्लोबल बिजनेश कलेजले ममता विद्या मन्दिरलाई २३३ रनको फराकिलो अन्तरले पराजित गर्‍यो । टस जितेर पहिला ब्याटिङ गरेको ग्लोबल बिजनेशले निर्धारित २० ओभरको खेलमा सात विकेट गुमाएर २५२ रन जोडेको थियो । ग्लोबलका नीरज यादवले ३८ बलमा ८२ रन बनाएका थिए । यसैगरी, विवेक यादवले २१ बलमा ५६ रन बनाए भने ऋतिक पटेलले २३ बलमा ३६ रन बनाए ।

२५३ रनको विजयी लक्ष्य पाएको ममता विद्या मन्दिर ९.४ ओभरमा सबै विकेट गुमाएर १९ रनमा सीमित भयो । यस खेलको 'म्यान अफ दी म्याच' ग्लोबलका नीरज यादव घोषित भए ।

दोस्रो खेलमा नेशनल एकेडेमी कलेजलाई वीरगंज सेन्ट्रल कलेजले ९५ रनको फराकिलो अन्तरले पराजित गर्‍यो । टस जितेर पहिला ब्याटिङ गर्दै वीरगंज सेन्ट्रल कलेजले निर्धारित २० ओभरको खेलमा आठ विकेट गुमाएर १५४ रन बनाएको थियो । १५५ रनको लक्ष्य पाएको नेशनल एकेडेमी कलेज ११.२ ओभरमा सबै विकेट गुमाएर ५९ रनमा सीमित भयो । यस खेलको 'म्यान अफ दी म्याच' २१ बलमा ४३ रन बनाएका वीरगंज सेन्ट्रल कलेजका कमलेश पटेल घोषित भए ।

भोलि शनिवार बिहान ८ बजे पहिलो खेल नेशनल एकेडेमी र बाल एकता तथा मध्याह्न १२ बजे दोस्रो खेल अल्पाइन र सिद्धार्थ कलेजबीच हुने बताइएको छ ।

## सखुवाप्रसौनी कप क्रिकेटः बहुदरमाई र कालिकामाई विजयी

दिनेशकुमार मिश्र, ११ फागुन/

दोस्रो सखुवाप्रसौनी कप क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रवार दुईवटा खेल भए । पहिलो खेलमा आयोजक सखुवाप्रसौनीलाई बहुदरमाई नगरपालिकाले पाँच रनअन्तरले पराजित गर्‍यो । टस हारेको बहुदरमाईले ब्याटिङको निम्तो पाएपछि निर्धारित १६ ओभरको खेलमा चार विकेट गुमाएर १३४ रन बनाएको थियो । प्रतिउत्तरमा १३५ रनको विजयी लक्ष्य पाएको सखुवाप्रसौनीले निर्धारित १६ ओभरमा आठ विकेट गुमाएर १२९ रन मात्र बनाउन सक्यो । आठ बलमा २१ रन र चार ओभरमा २१ रन दिएर एक विकेट लिएका बहुदरमाई नपाका दीपेश यादव 'म्यान अफ दी म्याच' घोषित भए ।



दोस्रो खेलमा कालिकामाई गापाले जगरनाथपुर गापालाई पाँच विकेटअन्तरले पराजित गर्‍यो । पहिला ब्याटिङ गर्दै जगरनाथपुरले निर्धारित १६ ओभरको खेलमा आठ विकेट गुमाएर ७१ रन बनाएको थियो । प्रतिउत्तरमा कालिकामाईले नौ ओभरमा पाँच विकेट गुमाएर ७३ रन बनाइ जीत हासिल गरेको थियो । यस खेलको 'म्यान अफ दी म्याच' २१ बलमा २१ रन बनाएका र तीन ओभरमा १६ रन दिएर तीन विकेट लिएका कालिकामाईका अजय महतो घोषित भए । भोलि शनिवार पनि दुईवटा खेल हुनेछन् । पहिलो खेल छिपहरमाई गापा र धोबिनी गापा तथा दोस्रो खेल परवानीपुर गापा र पोखरिया नपाबीच हुने आयोजक कमिटीका सचिव सरोज पटेलले बताए ।

# द्रुत सिकाइ कार्यान्वयन तालीम सम्पन्न



तस्वीरः प्रतीक

प्रस, पोखरिया, ११ फागुन/

ठोरी गाउँपालिकाको आयोजनामा आसमान नेपाल र स्ट्रीट चाइल्ड अफ नेपालको प्राविधिक सहयोगमा आपूरण तथा द्रुत सिकाइ कार्यान्वयनका लागि दुई दिने तालीम शुक्रवार ठोरी गापामा सम्पन्न भएको छ ।

ठोरी गापाका शिक्षा शाखा प्रमुख भुपाल जोशीले कोभिडका कारण बालबालिकाको सिकाइमा पर्न गएको असरका कारण पठनपाठनमा सहजता आउन नसकेकोले सोको परिपूर्ति गर्न तालीमको आयोजना गरिएको बताए । उनले तालीममा द्रुत सिकाइको माध्यमबाट कक्षा ३ देखि ५ का विद्यार्थीहरूको नेपाली र गणित तथा कक्षा ६ देखि ८ का विद्यार्थीहरूको अङ्ग्रेजी, नेपाली, गणित र विज्ञान विषयको सिकाइ परिपूर्ति गरिने बताए ।

तालीममा सहभागीहरूलाई अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने, सिकाइ स्तरअनुरूप शिक्षण विधिलगायत विभिन्न योजना निर्माण गरी सिकाइलाई आपूरण गर्नेबारे प्रशिक्षण दिएको थियो ।

तालीम समापन कार्यक्रममा गापा अध्यक्ष लालबहादुर श्रेष्ठले विद्यालयमा विद्यार्थीहरूको सिकाइ उपलब्धिका लागि चाहिने हरेक आवश्यकता पूरा गर्ने बताए । उनले शिक्षकलाई चाहिने तालीम, शैक्षिक सामग्री, विद्यालयको भौतिक पूर्वाधारलगायत पालिकाले पूरा गर्ने बताए । अध्यक्ष श्रेष्ठले तालीममा सिकेका कुरालाई व्यवहारमा लागू गर्न सुझाव दिए ।

कार्यक्रममा उपाध्यक्ष गोकुलीकुमारी रेग्मी, प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठ, शिक्षक कृष्ण पौडेल, रमा कुँवरलगायतले मन्तव्य व्यक्त गरेका थिए । तालीममा २१ वटा विद्यालयका प्रअ र शिक्षक गरी ४२ जना सहभागी थिए । तालीममा मुकेश रजकले प्रशिक्षण दिएका थिए ।

# वडा नं १६ को अतिक्रमण हटाइयो

प्रस, वीरगंज, ११ फागुन/

वीरगंज महानरपालिका–१६ स्थित कृषि तरकारी बजार, खानेपानी आयोजना तथा सार्वजनिक नहरको जग्गा अतिक्रमण गरी बनाएका घर, गोठ र घुम्ती पसल तोडफोड गरी हटाइएको छ ।



तस्वीरः प्रतीक

कृषि बजारको करीब १६ कट्ठा जग्गा अतिक्रमण गरी छवटा संरचना बनाइएको र सोको उत्तरतर्फ रहेको खानेपानी संस्थानको जग्गा अतिक्रमण गरेर तीनवटा संरचना बनेकोमा सबै संरचना अतिक्रमणमुक्त गरिएको थियो । खानेपानी संस्थानको जग्गामा टङ्की र कार्यालय स्थापना हुने बताइएको छ ।

नगरप्रमुख राजेशमान सिंहको निर्देशनमा सो क्षेत्र अतिक्रमणमुक्त गरिएको हो । भौतिक पूर्वाधार अतिक्रमण नियन्त्रण समितिका संयोजक तथा वडा नं ५ का अध्यक्ष प्रदीप चौरसिया, वडा नं १६ का अध्यक्ष परशुराम चौरसिया, नगरप्रमुखका सल्लाहकार हरि पोखरेल, नगर प्रहरी प्रमुख हरिप्रसाद भुसाललगायतले सो क्षेत्र अतिक्रमणमुक्त गरेका हुन् ।